साबुन पानीले
मिचीमिची हात धुने
गरौं वा सेनिटाइजरको
प्रयोग गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
prateekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ भदौ १४ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 August 30 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १३

## औद्योगिक कोरिडोरका अधिकांश उद्योग सञ्चालन

राधेश्याम पटेल, परवानीपुर, १३ भदौ/

वीरगंज–पथलैया औद्योगिक कोरिडोरका अधिकांश उद्योग सञ्चालनमा आएका छन् ।



वीरगंज–पथलैया औद्योगिक कोरिडोरका दुईवटा उद्योग । तस्वीरः फाइल/प्रतीक

वीरगंज–पथलैया, वीरगंज–पोखरिया, वीरगंज–कलैया क्षेत्रका करीब सात सय ठूला उद्योग र १५ सय साना तथा मझौला उद्योग सञ्चालनमा आएको वीरगंज उद्योग वाणिज्य सङ्घले जनाएको छ ।

वीउवासङ्घका अध्यक्ष सुबोध गुप्ताले कोरोना महामारीका कारण दुई वर्षदेखि चौपट बनेको उद्योग–व्यापार गत असारदेखि पुनः तङ्ग्रिन थालेको बताए । उनले पहिलो र दोस्रो कोरोना लहरको मारमा परेका यस कोरिडोरका उद्योगहरूले उत्पादन घटाएर सञ्चालनमा आएको बताए । अढाई महीनादेखि लकडाउन खुकुलो भएपछि उद्योगधन्दा पुनः पहिलेको लयमा फर्किएको उनले बताए ।

व्यवसायीका अनुसार कोरोनाले सबैभन्दा बढी असर निर्माण सामग्री उत्पादन गर्ने उद्योगलाई पारेको छ । फलाम, सिमेन्ट, जस्तापाता, पाइप, एङ्गल च्यानल, बिमलगायत अन्य उद्योग अहिलेको अवस्थामा घाटाको रोजगार बनेको जगदम्बा इन्टरप्राइजेजका सञ्चालक अनिल रूँगटाले बताए । उनले दुई वर्षदेखि कोरोनाले ठूला आयोजनाहरू प्रभावित भएको बताए । नेपाल अब फलाम उद्योगमा आत्मनिर्भर बनिसकेको छ । तर बजारमा उत्पादित सामानको माग न्यून हुँदा क्षमताको ४० प्रतिशत मात्र फलाम उत्पादन भइरहेको बताए ।

उनले भने, "सरकारले ठूला आयोजनामा ध्यान दिएको छैन, कतिपय ठूला आयोजना बन्द छन्, कतै बजेट छैन, कतै जनशक्ति छैन, कोरोनाले नयाँ घर, भवन, पुललगायतका काम प्रभावित भएको छ । एकै प्रकृतिका उद्योग थपिएकै छन्, अस्वस्थ प्रतिस्पर्धा बढेकाले सबै उद्योगले मर्का झेल्नुपरेको छ ।"

वीरगंजमा एक दर्जनभन्दा बढी फलाम उद्योग छन् र सबै फाटफुटरूपमा सञ्चालनमा रहेको उनले बताए । वीरगंज–पथलैया कोरिडोरमा जगदम्बा स्टील, जगदम्बा इन्टरप्राइजेज, हुलास स्टील, हामा स्टील, हुलास इफ्रा प्रालि गर्दौल, हिमाल आयरन प्रालि, नारायणी इस्पात प्रालि, नारायणी स्ट्रिप्स, नारायणी रोलिङ मिल, जगदम्बा समूहको एसएस पाइपलगायतका उद्योगहरू सञ्चालनमा छन् ।

वीउवासङ्घ पूर्वअध्यक्ष अशोक बैदले सिमेन्ट व्यवसायमा अस्वस्थ प्रतिस्पर्धा बढेको कारण सिमेन्ट उद्योगले महामारीको समयमा निकै चुनौती खेप्नुपरेको बताए । उनले नेपालमा उत्पादित सिमेन्टलाई निर्यात गर्ने कानून बनाएर नेपाली उद्योगलाई सरकारले सघाउनुपर्ने सुझाव दिए ।

"विकास निर्माणको तुलनामा बर्सेनि स्वदेशी उद्योगको सिमेन्ट उत्पादन क्षमता बढेकै छ, बजारमा खपत र माग कम छ," उनले भने, "करीब १४ वटा उद्योगले ४५ प्रतिशतको हाराहारीमा उत्पादन गरिरहेका छन् ।"

विश्वकर्मा, नारायणी, शुभश्री जगदम्बा, कलश, ओम, अम्बे, रिलायन्स, शालिमार, युनाइटेड सिमेन्ट उद्योग आंशिकरूपमा सञ्चालनमा रहेको बैदले बताए ।

यस कोरिडोरमा सञ्चालित कपडा उद्योगले उत्पादन कटौती गरेर उद्योग चलाइरहेका छन् । नोबेल टेक्सटाइल्सका सञ्चालक रमेश गाडियाले सरकारी नीति र कोरोनाले दुई वर्ष उद्योगधन्दा थला परेको बताए । वीरगंजमा करीब एक दर्जनभन्दा बढी ठूला र ५० भन्दा बढी साना/मझौला कपडा उद्योग सञ्चालनमा रहेको र अधिकांशले ३० प्रतिशतको हाराहारीमा उत्पादन गरिरहेको गाडियाले बताए । कोरोना महामारीमा दुई वर्ष उद्योगधन्दा चौपट भएको बेलामा सरकारले दिंदै आएको बिजुली महसूलमा ५० प्रतिशत अनुदान गत आवदेखि खारेज गरी शतप्रतिशत महसूल असुलेकोमा उनले गुनासो गरे ।

"सरकारले कपडा उद्योगलाई रुग्ण उद्योग भन्छ तर दिंदै आएको सुविधा पनि खोसेको छ," उनले भने, "अब कपडा उद्योगको उत्पादन महँगो हुन्छ ।" उनले जग्गाको भाउ १५ वर्षमा २० प्रतिशतले वृद्धि भएकोले पनि नयाँ उद्योग स्थापना गर्न वीरगंजका उद्योगी हिचकिचाएको

(बाँकी अन्तिम पातामा)

## गत वर्ष दुईजनाले नागरिकता त्यागे

नितेश कर्ण, वीरगंज, १३ भदौ/

पर्सा जिल्लाबाट गत वर्ष दुईजनाले नेपाली नागरिकता परित्याग गरेका छन् ।



नागरिकता विषयमा जानकारी दिंदै सप्रजिअ भीमकान्त पौडेल । तस्वीरः प्रतीक

जिल्ला प्रशासन कार्यालय, पर्साका सूचना अधिकारी सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले आव २०७७/७८ मा दुईजना नेपाली नागरिकले नागरिकता परित्याग गरेको बताए ।

यसैगरी, उनले गत वर्ष जिल्ला प्रशासनबाट ८ हजार ९४६ जनाको वंशज नागरिकता बनेको र ११ सयजनाको वैवाहिक अङ्गीकृत नागरिकता बनेको बताए ।

उनले सो आवमा ५ हजार ४८७ जनाले नागरिकता प्रतिलिपि लिएको र ८ हजार ४४६ जनाको राष्ट्रिय परिचयपत्र जारी भएको जानकारी गराए ।

यसैगरी, २ हजार ४६८ जनाले साधारण सिफारिशमा राहदानी बनाएको र ७६६ जनाले द्रुत सिफारिशमा राहदानी बनाएको बताए । गत वर्ष ७८ जनाविरुद्ध नागरिकता मुद्दामा प्रहरीलाई कारबाईको लागि फाइल पठाएको सूचना अधिकृत सप्रजिअ पौडेलले जानकारी गराए ।

## अविरल वर्षाका कारण पर्सा डुबानमा

प्रस, वीरगंज, १३ भदौ/

केही दिनदेखिको वर्षाले वीरगंज महानगरपालिकाका विभिन्न क्षेत्र पानीको सतह कम भएपछि डुबानमुक्त हुने गरेको छ ।

शनिवार रातिदेखि परेको अविरल ज्यालादारी गरेर जीविकोपार्जन गर्नेहरूलाई समस्या भएको हो । वर्षाले उनीहरूको रोजगार गुमेको र खानलाई



ओरिया नदीको तटबन्ध भत्किएपछि डुबान क्षेत्र





आइतवार बिहान जलमग्न जिल्ला प्रशासन कार्यालय परिसर । तस्वीरः नितेश कर्ण

डुबानमा परेका छन् । पानी पर्नासाथ वीरगंजका केही क्षेत्र यसअघिदेखि नै डुबानमा पर्दै आएका छन् ।

खासगरी आदर्शनगर, रानीघाट, जिल्ला प्रशासन कार्यालय, छपकैया, रामटोल, श्रीपुर, तेजारथटोल, राधेमाईलगायतका क्षेत्र डुबानमा पर्ने गरेका छन् । पानी पर्न कम भएपछि केही समयमा डुबानमुक्त हुने गरेको छ । वीरगंज महानगरपालिकाको पानीको बहाव श्रीसिया नदीसँग जोडिएको छ । श्रीसिया नदीमा पानीको सतह बढेपछि महानगरको पानी जान बन्द हुन्छ र नदीमा वर्षाले आइतवार बिहान वीरगंज महानगरका थुप्रै वडा डुबानमा परे । जिल्ला प्रशासन कार्यालय पूर्णरूपमा डुबानमा परेको थियो । डुबानमा परे पनि सेवाग्राही भने कम भएनन् । नागरिकता, राहदानी लिनेहरूको भीड आइतवार पनि सामान्य अवस्थाभन्दा कम रहेन ।

प्रस, सेढवा/

बुधवारदेखिको वर्षाले पर्साको ग्रामीण क्षेत्रसँगको सडक सम्पर्क विच्छेद भएको छ भने यहाँका मानिसहरूको जीवन कष्टकर भएको छ । खासगरी दैनिक अप्ठेरो परेको छ ।

जगरनाथपुर गापा–३ का गिरिजा महरा चमारले अविरल वर्षाका कारण रोजगार गुमेको र खानलाई पनि धौंधौं भएको बताए । ठूलो परिवार भएको कारण दैनिकजसो ज्यालादारी गरी जीवनयापन गर्नुपर्ने बाध्यता रहेकोमा अहिले कठिनाइ भएको उनले बताए ।

जीराभवानी गापा–२ सेढवाको मुसहर बस्तीका मानिसलाई पनि निरन्तरको वर्षाले समस्यामा पारेको छ । उनीहरूको दैनिक जीवनयापन कष्टकर

(बाँकी अन्तिम पातामा)

## नारायणी अस्पतालमा तीनवटा अक्सिजन प्लान्ट बन्दै

प्रस, परवानीपुर, १३ भदौ/

कोरोना महामारी वा अन्य कुनै सङ्क्रामक रोगसँग लड्न अस्पताललाई




तयारी अवस्थामा राख्ने क्रममा वीरगंजका उद्योगी–व्यवसायीले करीब एक करोड रुपैयाँ सहयोग गरेका छन् । नारायणी अस्पताल वीरगंजको उपचार कक्ष तथा सेवा–सुविधामा सुधारका लागि वीरगंजका चारवटा औद्योगिक प्रतिष्ठानले करीब एक करोड मूल्य बराबर सहयोग गरेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा वीरेन्द्रबहादुर प्रधानले जानकारी गराए । उनका अनुसार सूर्य नेपालले रु २० लाखको भेन्टिलेटर तथा अन्य उपकरण र १२ लाख अक्सिजन पाइपलाइनमा खर्च गरेको छ । अस्पतालको आकस्मिक कक्षमा बिरामीले सुविधापूर्ण ढङ्गले अक्सिजन पाऊन् भनेर अस्पतालका चिकित्सकहरूको सुझावमा उद्योगले सामाजिक उत्तरदायित्व अन्तर्गत रु ३२ लाख सहयोग गरेको छ ।

वीरगंजकै अर्को ठूलो औद्योगिक घराना क्याल समूहले करीब २० लाख खर्च गरी मेडिसिन विभागमा पाइपलाइनको काम गराएको छ । फलामजन्य निर्माण सामग्री र अन्य उत्पादन गर्ने क्याल समूहका अध्यक्ष सत्यनारायण क्यालको सक्रियतामा मेडिसिन विभागको एचयुडी वार्डहरूमा सबै शय्यामा अक्सिजन पाइपलाइन विस्तार गरिएको छ ।

त्यसैगरी, नेपाल फर्मास्युटिकल्स प्रालिका सञ्चालक अरविन्द अमात्यको सक्रियतामा उक्त उद्योगले १७ लाखको अक्सिजन पाइपलाइन जडान गरेको नारायणी अस्पतालका चिकित्सक डा नीरजकुमार सिंहले जानकारी गराए । उनका अनुसार औषधि उत्पादन गर्ने उद्योग एनपिएलले सर्जरी विभागमा अक्सिजन पाइपलाइन बिछ्याउने काम गरेको छ । सबै उद्योगले सिएसआर अन्तर्गत करीब ९१ लाखभन्दा बढीको अक्सिजन पाइपलाइनको काम गराएको र स्वास्थ्य सामग्री अस्पताल व्यवस्थापन पक्षलाई हस्तान्तरण गरी कोरोनाको तेस्रो लहरबाट मध्यतराईमा न्यून क्षति होस् भनी अस्पताललाई तयारी अवस्थामा राख्न सहयोग गरेका छन् । अस्पतालको विभिन्न वार्डमा पुगेको अक्सिजन पाइपलाइनले कुरुवा तथा कर्मचारीले अक्सिजन सिलिन्डर ओसारेर वार्डमा पुऱ्याउने समस्याको अन्त भएको छ ।

### करोड बजेटमा तीनवटा अक्सिजन प्लान्ट तयार

नारायणी अस्पताल, नेपाल सरकार अन्तर्गतको नर्सरी अस्पताल हो । तर पछिल्ला दुईवटा कोरोना महामारीमा अक्सिजन र भेन्टिलेटरको अभावमा कतिपय बिरामीको मृत्यु भएपछि

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**जीवनको खोजमा मात्र एउटा कुरा मूल्यवान् प्रतीत हुन्छ र त्यो हो मानव–सेवा ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com

Website: www.prateekdaily.com


# वनको जग्गा फिर्ता

**बारा वन कार्यालयले अतिक्रमण गरी वन क्षेत्रमा बनाइएको घर–टहरा तथा खेतीबारीले ओगटेको १७५ हेक्टर जग्गा फिर्ता लिएको छ । यद्यपि यो खुशीको कुरा हो, तर पूर्व मेचीदेखि महाकालीसम्म फैलिएको वन क्षेत्रमा सबै जिल्लामा यस्तो अतिक्रमण भएको छ । १७५ हेक्टर जग्गा फिर्ता लिएर गर्व गर्नुको कुनै अर्थ छैन, किनभने वन क्षेत्रको सम्भवत: प्रत्येक जिल्लामा हजारौं हेक्टर जग्गा अतिक्रमणमा परेको छ । हरियो वनलाई नेपालको धन भने पनि राणाकालदेखि यसको दोहन हुँदै आएको छ । राणाकालमा अङ्ग्रेजहरूलाई रिझाउन भारतमा बनिरहेको रेलमार्गका लागि काठ उपलब्ध गराइएको थियो । पञ्चायतकालमा त सारा व्यवस्था नै वनले टिकाएको थियो । लाजमर्दो कुरा कतिसम्म भने राजाको नाम लेखेर भारतीय तस्करले वन फडानी गर्दा स्थानीय प्रशासकहरू चापलुसीको हद पार गर्दै त्यस्ता टर्याक्टर र गाडाहरूलाई छुट दिन्थे । पहिले वन फडानी र पछि त्यसमा अतिक्रमण गर्दै घर–टहरा बनाउने, खेतीपाती गर्ने कामले आजसम्म निरन्तरता पाउँदै आयो ।**

**वन–जङ्गलको महत्त्व हामी नेपालीले काठ–दाउराको आपूर्तिभन्दा बढी बुझेनौं । त्यसैले लामो समयसम्म सरकारसँग 'अधिकार' भनेर काठ–दाउरा आपूर्तिका लागि माग गरिरह्यौं । नेपाललाई, खासगरी तराईको समतल भूभागले गर्दा कृषिप्रधान देश नै भनियो । पहाडमा पनि कुनै न कुनै रूपको कृषिकर्म आजसम्म आजीविकाको साधन बनेको छ, पशुपालन होस् वा फलफूल खेती । तराईको अन्नको भण्डार भनिएको जग्गालाई उचित समयमा सिंचाइ, मल चाहिन्छ भन्ने कुरा चाहिं नेपालको कृषि योजनामा जहिले पनि छुटाइयो । कृत्रिम सिंचाइभन्दा आकाशे सिंचाइमा बालीलाई मलको त्यति आवश्यकता हुँदैन भन्ने कुरामा त कसैले ध्यान नै दिएन । आकाशे पानीका लागि वन–जङ्गल जति घना, जति बढी भयो त्यति उपयक्त हुन्छ भन्ने कुरा पनि बिर्स्यौं । यसले मौसमी बादललाई आफूतिर तानेर वर्षा त गराउँछ नै, पानीलाई पातबाट जरा हुँदै भूमिगत पनि बनाउँछ । यसले जति बाक्लो रूख–बिरुवा भयो, बाढीको खतरा उति नै कम हुन्छ । साथै जति बढी रूख–बिरुवा, पात–पतिङ्गर पनि उति नै हुन्छ, जसलाई पानीले बगाएर खेतबारीमा पुर्याई प्राकृतिक मलको आपूर्ति गर्छ । अहिले रूख–बिरुवा शून्य हुँदै गएको वन क्षेत्रबाट पानी अनियन्त्रित भएर बाढीको रूपमा खेत–गाउँमा पस्छ र भयावह अवस्था सिर्जना गर्छ ।**

**वन फडानी हुँदै जाने, भोटको लोभमा अतिक्रमणको पृष्ठपोषण गर्दै जाने हो भने जङ्गलले गर्दा भूमिगत पानीको स्रोत सुक्दै जान्छ । हाम्रो यसै पुस्ताले भोगेको कुरा हो, हिजो १५–२० फिट मुनि पाइने खानेयोग्य पानी अहिले २०० फिटमा पनि दुर्लभ छ । थोरै मात्र वन–जङ्गल नाश हुँदा भूमिगत पानी झन्डै २०० फिट तल पुगेको छ । यदि बाँकी वन सिद्धिने हो भने अन्नको भण्डार कहाँ रहला ? पानी अझ १०० फिट मुनि जाने हो भने अन्नको भण्डार भनिएको तराईको समतल फाँट शुष्क भएर मरुभूमिमा परिणत हुँदैन भन्न सकिन्न । तर पनि दिनदिनै वन तस्करहरूले हरियो रूख ढालिरहेको समाचार पढिएकै छ । मूल तस्कर समातिएको शायदै सुनिन्छ । समातिएका मजदूर–तस्करहरू पनि फरफछर्योट गरेर फरफारक हुन्छन् । यही राज्यको नीति हो, यही कानूनको व्याख्या हो भने त्यो दिन टाढा छैन, जब हामीले पानी पनि अन्य मुलुकबाट आयात गर्नुपर्नेछ ।**

# कोभिड–१९ र पूर्ण विद्यालय सञ्चालनको सम्भावना


शिक्षा नेपाल



अनन्तकुमार लाल दास

anantlaldas@gmail.com


**लामो समयसम्म विद्यालय बन्द राखेर उनीहरूको भविष्यसँग खेलवाड गर्न सकिन्न । भाइरसभन्दा बढी भय केटाकेटीहरूको शिक्षा र सामान्य जीवनबीच रहेको छ । नीति निर्माताहरूले विद्यालयको सम्पूर्ण कक्षा सञ्चालन गर्ने दिशामा साक्ष्य आधारित निर्णय लिने खाँचो छ ।**

वैशाख २०७८ देखि देशव्यापी लकडाउन प्रारम्भ भएपछि नेपालका समस्त विद्यालय बन्द गरिएका थिए । विद्यालय बन्द भएपछि लामो समयदेखि विद्यार्थीहरूले कैयन प्रकारका समस्याहरूको सामना गर्नुपरिरहेको छ। कक्षा ८ देखि १२ सम्मका विद्यार्थीहरूको लागि स्थानीय सरकारको पहलमा कक्षा सञ्चालन गर्ने स्वीकृति प्राप्त हुँदा पनि धेरैजसो विद्यार्थी विद्यालयको यातायात नखुलेको हुँदा विद्यालय पुग्न सकिरहेका छैनन्। वीरगंजको सन्दर्भमा विद्यालयका सबै शिक्षक र कर्मचारीहरूलाई वैक्सिन लगाइसकिएको छ। जो केही कारणले बाँकी छन्, उनका लागि पनि वैक्सिनको ढोका स्थानीय सरकारको सहयोगमा खुला राखिएको छ । यहाँ कोरोना सङ्क्रमितहरूको सङ्ख्या पनि न्यून छ। यस परिवेशमा अब विद्यालयका सम्पूर्ण कक्षा सञ्चालन गर्ने दिशामा निर्णय लिनुपर्ने आवश्यकता छ ।

वीरगंज नजीक रहेको भारतको बिहार राज्यको शहर रक्सौलमा पनि विद्यालय, यातायात र कारोबारहरू पूर्ण रूपमा सञ्चालनमा आइसकेको छ र सोही क्रममा वीरगंजमा पनि सिनेमा हलबाहेक होटल, विद्यालय र यातायात आंशिकरूपले र बाजार व्यवसाय पूर्ण रूपले सञ्चालनमा आइसकेको छ। यस कारण यहाँ पनि विश्व स्वास्थ्य सङ्गठनले तोकेको मापदण्डको पालन गरी विद्यालय खोल्न आपत्ति नहुनुपर्ने हो । सरकार पनि विद्यालय खोल्ने तयारीमा जुटेको छ र स्थानीय सरकारले पनि यसतर्फ गम्भीरता र चासो देखाउनु आवश्यक छ ।

चाखलाग्दो कुरो के हो भने विश्वभरिका विभिन्न देश, जो नेपालको तुलनामा कोरोना महामारीबाट नराम्ररी प्रभावित भएका छन्, उनीहरूले आफ्नो विद्यालय, खासगरी प्राथमिक विद्यालय खुला राखेका छन् । यी देशहरूमा पुर्तगाल, फ्रान्स, नीदरल्यान्डजस्ता युरोपेली देशहरू सामेल छन् । संयुक्त राज्य अमेरिकाको एउटा प्रान्त फ्लोरिडाले सितम्बर २०२० को अन्त्यमा व्यक्तिगत कक्षाको लागि विद्यालय खोलेको थियो र दोस्रो लहर आउँदा पनि विद्यालय बन्द गरिएको थिएन । त्यहीं नेपाल र भारतजस्ता मुलुकका विद्यालयहरू बन्द छन्, तर अन्य व्यवसाय खोल्ने अनुमति प्रदान गरिएको छ ।

विद्यालय बन्द गर्नु लागत बढी हुनु हो, किनभने उज्ज्वल भविष्य र खुशहाल जीवनस्तरको आशामा मानिसहरू आफ्ना छोराछोरीको शिक्षामा धेरै खर्च गर्छन्। महामारीपूर्व पनि विद्यार्थीहरूबीच खासगरी उच्च ग्रेडमा धेरै अन्तर थियो। कक्षा १० उत्तीर्ण गर्ने करीब आधी केटाकेटी सीपको मामिलामा करीब दुई वर्ष पछि छन् । लामो समयसम्म यदि विद्यालय बन्द रह्यो भने यो अन्तर झन् बढ्छ । यहींनिर विद्यालय बन्द रहनुको प्रभावले दुईवटा प्रश्न उब्जन्छ। पहिलो, यसको प्रभाव केटाकेटीहरूको भविष्यमाथि के पर्छ ? दोस्रो, के यसले आउने पीढीलाई गरीबीतर्फ धकेल्दैन ?

विडम्बना के छ भने सदरमुकाममा बस्ने गरीब परिवार जो पहिलो लहरको परिणाम हालसम्म भोगिरहेको छ, दोस्रो लहरमा धेरै हदसम्म भाइरसबाट खोपको कारण सुरक्षित छ, तर तेस्रो लहर आउने शङ्काले विद्यालय बन्द रहेको अवस्थामा सबैभन्दा बढी प्रभावित छ । विद्यालय बन्द रहँदा आफ्ना आमाबुवासँगै कुनै न कुनै कार्यमा संलग्न छन् । यसबाट के अनुमान लगाउन सकिन्छ भने नेपालका गाउँका करीब दुईतिहाई केटाकेटीहरू विद्यालय छोड्न सक्छन्। यससँगै लामो समयसम्म विद्यालय बन्द रहँदा शिक्षा क्षेत्रको स्थिति झन् जटिल हुने सम्भावना पनि छ। उदाहरणका लागि वीरगंजका संस्थागत विद्यालयहरूमा नयाँ भर्ना दर, हालसम्मको सबैभन्दा तल्लो स्तरमा छ भने जहाँ कक्षा सञ्चालनमा छ, विद्यार्थीहरू शुल्क भुक्तानीमा ढिलाइ गरिरहेका छन् । कमोवेश सामुदायिक विद्यालयको नयाँ भर्ना प्रतिशत पनि यस्तै छ । लामो समयसम्म बन्द विद्यालयले 'बालश्रम' बढाएको छ जुन हाम्रो देशका लागि चुनौतीको रूपमा रहेको छ।

नेपालका धेरैजसो शहरहरू जस्तै काठमाडौं, विराटनगर, वीरगंज, जनकपुर, पोखरा, बुटवल, भैरहवा, पाल्पा आदि ठाउँका विद्यालय बन्द हुँदा केटाकेटीहरूको मानसिक स्वास्थ्यमा प्रतिकूल प्रभाव परेको छ। लास वेगासमा छात्र आत्महत्यामा भएको वृद्धिले जनवरी सन् २०२१ मा विद्यालय खोल्न बाध्य तुल्याएको थियो भने युनाइटेड किंगडमले एन्टिडिपेन्टेट्स लिने केटाकेटीहरूको सङ्ख्यामा ४० प्रतिशतको वृद्धि दर्ज गरेको थियो। निश्चितरूपले जीवन शिक्षाभन्दा धेरै महत्त्वपूर्ण छ, तर विद्यालयले शिक्षा मात्र प्रदान गर्दैन। यसले विद्यार्थीहरूमा आशाको सञ्चार पनि गर्दछ जुन भविष्यको लागि अति आवश्यक छ । लामो समयसम्म विद्यालय बन्द रहँदा हुने लागतलाई अवलोकन गरेर कोभिड–१९ को सन्दर्भमा विद्यालय खोल्ने जोखिमको गम्भीरतापूर्वक जाँच गर्नुपर्छ ।

सबैभन्दा पहिले हामी सबैले के सुखद अनुभव गर्नुपर्छ भने केटाकेटीहरूमा कोभिड–१९ को जोखिम वयस्कको तुलनामा धेरै कम छ र अन्य जोखिमको तुलनामा पनि धेरै कम छ, जसलाई केटाकेटीहरूले दैनिक जीवनमा सामना गर्नु नै पर्छ । अमेरिका र युरोपमा विद्यालय जाने १३७ मिलियन केटाकेटीमाथि गरिएको अध्ययनको आधारमा एडिनवर्ग विश्वविद्यालयका एकजना प्रोफेसरले के पाए भने यस आयु वर्गमा कोभिड–१९ मौसमी इन्फ्लूएन्जाको रूपमा आधीभन्दा पनि कम जोखिमयुक्त छ र अचानक चोट लागेर हुने मृत्युको तुलनामा २० गुणा कम छ। स्वीडेन, जहाँ विद्यालय खुलेका छन्, २ मिलियन केटाकेटीमाथि गरिएको एक अध्ययनले के देखाएको छ भने कोभिड–१९ का कारण एकजना पनि विद्यार्थीको मृत्यु भएको छैन ।

भारत मुम्बईको डैशबोर्ड डेटा अनुसार अन्डर–१९ का लागि कोभिड–१९ बाट सङ्क्रमित हुनेको मृत्युदर धेरै कम अर्थात् ०.००३ प्रतिशत छ। यसको तुलनामा भारतमा शिशु मृत्युदर ३ प्रतिशत अर्थात् १००० गुणा बढी छ र जापानमा शिशु मृत्युदर ०.१८ प्रतिशत अर्थात् ६० गुणा बढी छ। अर्को शब्दमा भन्ने हो भने विद्यालय जाने उमेर समूहका केटाकेटीहरूमा अन्य खतराको तुलनामा कोभिड–१९ बाट नगण्य जोखिम हुन्छ जसलाई हामीले सामान्यरूपमा लिन सक्छौं। तर चिन्ता के कुरा के छ भने नयाँ रूपमा आउने तेस्रो लहरले केटाकेटीहरूलाई प्रभावित गर्न सक्छ तर तथ्याङ्कलाई ध्यानपूर्वक अध्ययन गर्दा के थाहा हुन्छ भने पहिलो र दोस्रो लहरमा प्रभावित हुने मानिसहरूको उमेर समूह समान रहेको छ । यसबाहेक जून इङ्गल्यान्डको सन् २०२१ मा प्रकाशित 'पब्लिक हेल्थ प्रतिवेदन'ले नयाँ संस्करण डेल्टा मूलको तुलनामा धेरै कम खतरनाक रहेको देखाएको छ जुन एउटा भाइरसको अपेक्षित विकास पथ हो ।

यहाँनिर के प्रश्न उठ्नु स्वाभाविक छ भने विद्यालयको सम्पूर्ण कक्षा खुले पछि के शिक्षक र अभिभावकलाई कोभिड–१९ बाट सङ्क्रमित हुने बढी खतरा छ ? पछिल्लो एक वर्षमा युरोपको विभिन्न क्षेत्रमा सावधानीपूर्वक धेरै वैज्ञानिक अध्ययन भएका छन् जसले कोभिड–१९ को प्रसारमा व्यक्तिगत कक्षाको भूमिका मापन गरेको थियो । त्यसको निष्कर्ष के छ भने अन्य ठाउँको तुलनामा विद्यालयमा कोभिड–१९ फैलिने जोखिम धेरै न्यून छ । शिक्षकहरूको चिन्ता कम गर्न धेरै पछि भए तापनि सरकारले उनीहरूसँग अति आवश्यक कर्मचारी सरह व्यवहार गरेको छ र उनीहरूलाई पनि प्राथमिकतामा राखेर खोप उपलब्ध गराएको छ। सङ्घ र स्थानीय सरकारको यस प्रयासको सराहना गर्नैपर्छ ।

यी सबैका बावजूद सबैको दृष्टिकोण फरक–फरक हुन सक्छ किनभने प्रत्येक मानिसको जोखिम र लाभको विश्लेषण बेग्लाबेग्लै हुन्छ । जुन विद्यार्थीसँग संसाधनको कमी छ, जसको आमाबुवालाई प्रत्येक दिन काम गर्न जानुपर्छ, उनीहरूको लागि व्यक्तिगत रूपले विद्यालय शिक्षा सर्वोपरि रहेको छ । जो आमाबुवा घरबाटै काम गर्न सक्छन् उनीहरूसँग आफ्नो सन्तानको लागि पर्याप्त संसाधन हुन्छ। उनीहरूले केही महीनाको लागि वा आंशिक वा पूर्णरूपले अनलाइन कक्षाको विकल्प छनोट गर्न सक्छन् । त्यहीं अर्कोतिर केटाकेटीहरूलाई खोप दिने कुरा पनि उठिरहेको छ। हालै कक्षा ११ र १२ का विद्यार्थीहरूले प्रवेशपत्र देखाई खोपको सुविधा पनि प्राप्त गरिरहेका छन्। कुनै पनि चिकित्सीय हस्तक्षेप, खासगरी केटाकेटीहरूको लागि सावधानीपूर्वक जोखिम–लाभमाथि आधारित हुनुपर्छ । अमेरिकामा युवाहरूको हृदय सुन्निने र एमआरएनए वैक्सिनबीच सम्भावित लिंकबारे बढिरहेको चिन्तालाई पनि ध्यानमा राख्नु उचित हुन्छ।

लामो समयसम्म विद्यालय बन्द राखेर उनीहरूको भविष्यसँग खेलवाड गर्न सकिन्न । भाइरसभन्दा बढी भय केटाकेटीहरूको शिक्षा र सामान्य जीवनबीच रहेको छ। नीति निर्माताहरूले विद्यालयको सम्पूर्ण कक्षा सञ्चालन गर्ने दिशामा साक्ष्य आधारित निर्णय लिने खाँचो छ। अनि मात्र समाज र राष्ट्रको विकास सम्भव हुन्छ ।

# महोत्तरीका युवकको ढुङ्गाले लागेर काभ्रेमा मृत्यु

प्रस, जनकपुरधाम, १३ भदौ/

जनकपुरका एक युवकको विपी राजमार्ग अन्तर्गत काभ्रे सडकखण्डमा ढुङ्गाले लागेर मृत्यु भएको छ। एउटा मोटरसाइकलमा सवार दुईजनामध्ये अर्को एकजना युवक सख्त घाइते भएका छन् ।

आइतवार जनकपुरबाट सिन्धुलीको बाटो हुँदै काठमाडौंतर्फ मोटरसाइकलमा जाँदै गरेका महोत्तरी जिल्लाको रामगोपालपुर बस्ने २८ वर्षीय सरोज साहको मृत्यु भएको प्रहरीले जनाएको छ । जनकपुर रामानन्दचोक बस्ने वर्ष ३० का सतीश साह सख्त घाइते भएका छन्। वर्षात्को कारण पहाडबाट खसेको ढुङ्गाले लागेर दुवैजना घाइते भएका थिए । धुलिखेल अस्पतालमा उपचारको क्रममा साहको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिन्धुलीले जनाएको छ।

विपी राजमार्ग अन्तर्गत काभ्रे जिल्लाको रोशी गाउँपालिका वडा नम्बर ७ को सडकमा माथिबाट खसेको ढुङ्गाले सडकमा गुडिरहेको मोटरसाइकलमा सवार दुईजनालाई लागेको थियो। मृतक साह मोटरसाइकलका चालक हुन् । उनीहरू को.८प ७४९० नम्बरको मोटरसाइकलमा काठमाडौंतर्फ जाँदै थिए।

बिहान करीब ११:३० बजे उक्त घटना भएपछि प्रहरीले दुवैलाई उद्धार गरी धुलिखेल अस्पताल पुर्याएको थियो। मोटरसाइकल चालक साहको धुलिखेल अस्पतालमा उपचारको क्रममा दिउँसो मृत्यु भएको हो। घाइते सतीशको सोही अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

# प्रदेश २ मा मन्त्री हेरफेर

प्रस, जनकपुरधाम, १३ भदौ/

प्रदेश २ का मन्त्रीको जिम्मेवारी हेरफेर गरिएको छ ।

मुख्यमन्त्री लालबाबू राउत गद्दीले आइतवार दुईजना मन्त्रीको जिम्मेवारी हेरफेर गरेका हुन् ।

मुख्यमन्त्री गद्दीले भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्री रहेका शैलेन्द्र साहलाई अर्थ मन्त्रालयको जिम्मेवारी सुम्पेका छन्। यसअघि अर्थमन्त्रीमा विजय यादव थिए। यादवलाई भने भूमि, व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको जिम्मेवारी दिइएको मुख्यमन्त्रीको सचिवालयले जनाएको छ । यादव जसपाका प्रदेश अध्यक्ष पनि हुन्। दुवैजना मन्त्री एकै दलका हुन् ।




सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४८

# सीमा क्षेत्रबाट रोकिएन मानव तस्करी

सुषमा शर्मा, वीरगंज, १३ भदौ/

"मलाई सानैदेखि नाच्न मन पर्छ। एक दिन मेरो मिल्ने साथीले तिमीलाई म भारत लैजान्छु, त्यहाँ आर्केस्ट्रामा नाच्न पाइन्छ र पैसा पनि पाइन्छ खूब रमाइलो हुन्छ भनेर भनिन्। एसो सोचें घरमा कमाउने कोही छैन त्यसैले हुन्छ भनें र मिल्ने साथी भएकोले के नै गलत होला र भन्ने लाग्यो। त्यसैले मैले हुन्छ भनेर भनें। न त मलाई आर्केस्ट्रा भनेको के हो थाहा थियो, न म त्यहाँ बेचिन जाँदैछु भन्ने थाहा थियो। अरू बेला बाहिर गएर कमाउने जस्तै लाग्थ्यो। मलाई लाग्यो नाच्ने हो अनि पैसा कमाउने," रीमा (नाम परिवर्तन)ले उद्धारपछि बताइन्।

विश्वलाई नै कोरोना महामारीले आक्रान्त पारेको र अन्तर्राष्ट्रिय सीमानाकाहरू बन्द गरिएका बेला पनि नेपालबाट भारततर्फ मानव तस्करी भने रोकिएन। आव २०७६/७७ मा महिला ३४, बालक एक र बालिका २८ जनाको उद्धार गरिएको थियो। आव २०७७/७८ मा महिला ९४, बालक एक र बालिका २२ जना गरी कुल १०८ जनालाई उद्धार गरिएको थियो। उक्त समय कोरोनाको पहिलो चरण थियो।

चालू आव २०७८/७९ को सवा महीनामा महिला १८, बालिका चारसमेत कुल २२ जनालाई सीमानाकाबाट उद्धार गरिएको जिल्ला प्रहरी कार्यालय, पर्साको तथ्याङ्कमा उल्लेख छ।

रीमा भर्खरै कक्षा १० को परीक्षा दिएर बसेकी थिइन्। उनका चारजना दिदीबहिनी छन्। बुबाले अर्को विवाह गरेकाले उनीहरू आमासँगै बस्छन्। आर्थिक समस्याले गर्दा उनीहरूलाई घर चलाउन गाह्रो थियो। त्यसैले एकजना दिदी भने अन्तै ज्याला मजदूरी गरेर बसेकी छन्। दुईजना दिदीबहिनी भने आफ्नो मिल्ने साथीले आर्केस्ट्रामा जागीर लगाइदिन्छु भनेर भारतको मोतिहारी जिल्लाको छौडादाना पुगे।

रीमा भन्छिन्, "मेरो बहिनीलाई जबरजस्ती मैले ल्याएको। ऊ त नौ कक्षामा पढ्दै थिइन्। मैले सोधें जाने हो भनेर उसले जान्नँ भन्दा त्यसो भए मसँग हिंड्दिनस् भने कहिले नबोल्नु यति भनेपछि मेरी बहिनी मसँग हिंड्न तयार भइन्, तर मलाई थाहा थिएन, हामी बेचिंदै छौं," आँखाभरि आँसु लिएर उनले भनिन्।

रीमाको मिल्ने साथी रश्मिता (नाम परिवर्तन) लामो समयदेखि नेपाली बालबालिकालाई भारतीय आर्केस्ट्रामा पुऱ्याउने गरिरहेकी थिइन्। उनी मानव तस्करी गर्छिन्। रश्मिता भने आमाबुबासँगै आफ्नै घरमा बस्छिन् र उनीसँग उनको एकजना साथी पनि सँगै बस्छिन्। रश्मिताको आमाबुबासँगै साथी पनि मानव तस्करीमा संलग्न छन्।

रश्मिता भन्छिन्, "मलाई १० हजार दिन्छु भनेको थियो। पछि भारततर्फको मान्छे भाग्यो भनेर जम्मा १५ सय मात्र पठाइदियो। हामी त्यहाँसम्म पुऱ्याउँछौं, त्यसपछि केही दिनमा फर्किन्छौं, हामीले बसबाट ल्याउने भएकोले हामीसँग



रीमा र उसकी बहिनी। तस्वीरः प्रतीक

बसवालाहरूको कन्टचाक्ट हुन्छ, जसले गर्दा ल्याउन सहजै हुन्छ। यता बोर्डर आइसकेपछि इन्डियाको सिम हुन्छ, त्यसलाई मोबाइलमा राख्छौं अनि कुराकानी गर्छौं र लोकेशनमा पुग्न सहज हुन्छ।"

२०५४ सालदेखि पर्सामा कार्यरत माइती नेपाल वीरगंजकी संयोजक सङ्गीता पुरीका अनुसार नेपाल–भारत खुला सीमानाकाका कारण नै मानव तस्करी सहजरूपमा हुने गरेको छ। यदि नाकाहरूमा छेकबार हुन्थ्यो भने यस्तो अपराध निकै कम हुन्थ्यो।

पर्सामा मानव तस्करीसम्बन्धी हेर्ने तीनवटा संस्था छन्। माइती नेपालकी संयोजक पुरीका अनुसार विगतमा रेड लाइट क्षेत्र अर्थात् यौन व्यवसायको लागि मानव तस्करी गरी भारततर्फ लगिन्थ्यो भने आजभोलि आर्केस्ट्राद्वारा यौनको लागि किनबेच वा व्यवसाय हुने गरेको छ। यसरी विगतमा तेस्रो मुलुक जानको लागि मानव तस्करीमार्फत नेपाली महिलाहरू दिल्ली, मुम्बई, कोलकाता जान्थे भने अहिले पटना, बनारस, मोतिहारीतर्फ जाने गरेको धेरै पाइन्छ।

यसरी तस्करी भएर गएकाहरूलाई जिल्ला प्रहरी कार्यालय, पर्सा माइती नेपालको आफन्त नेपाल र सानो हातको सहयोगमा उद्धार गरिंदै आएको छ। जहाँ तीनवटा संस्था एकै नाकामा खटिरहेका देखिन्छन् भने पर्सासँगै टाँसिएको बारा जिल्लाको नाकामा कुनै संस्था खटिएका पाइँदैनन्। सूचना जुन संस्थाले पायो, त्यही संस्था जान्छन् अनि उद्धार गरेर ल्याउँछन्।

पर्साका सङ्घसंस्थाहरूले बारा र पर्सा नाकामा समझदारी गरी निगरानी गर्ने हो भने केही हदसम्म मानव तस्करी कम हुन्थ्यो तर सङ्घसंस्था पनि आफ्नो तथ्याङ्क मजबूत बनाउन वीरगंज नाका छोड्न चाहँदैनन्।

रीमालगायत तीनजनालाई बाराको नाका हुँदै भारत पुऱ्याइएको थियो। आफूसहित तीनजना सजिलै भारतको छौडादानो पुगेको रीमाले बताइन्। रीमा भन्छिन्– मोटरसाइकल आयो र हामीलाई सजिलै सीमा पार गरेर लग्यो। त्यहाँ पुग्दा कस्तो ठाउँ लाग्यो तर यस्तै होला सोचें। त्यसको भोलिपल्टदेखि हामीलाई भोजपुरी नबुझ्ने पनि भोजपुरी गीतमा डान्स सिकाउँदै थियो। त्यहाँ आर्केस्ट्रावालाले हामीलाई एउटा नाचको रु १५ सय दिन्छौं भने। बस्नलाई राम्रो ठाउँ थिएन, न त त्यहाँको वातावरण नै राम्रो थियो। असजिलो लागे पनि मैले काम गर्नैपर्छ भनेर चुप लागेर जे जे भने त्यही गरें।

संयोजक पुरीका अनुसार अहिले वीरगंजको नाकाभन्दा बाराको गढीमाई, आधापुर, कौवा बकैयाबाट भारततर्फ मानव तस्करी हुने गरेको छ। समाचार स्रोतका अनुसार पर्साको ठोरीबाट पनि मानव तस्करी हुने गरेको छ। २०७७/७८ मा लकडाउनको समयमा मात्रै ८४ जनालाई उद्धार गरिएको थियो भने सोमध्ये ३४ जना पर्सा जिल्लाका थिए। उनीहरूलाई माइती नेपालको पहलमा उद्धार, संरक्षण र पुनर्स्थापनाको पहल भएको थियो।

वीरगंज मुलुकको प्रमुख नाका हो। यो व्यापारिक कारोबारको व्यस्त नाका भएकोले मानवको आवतजावत बढी हुन्छ। जुन नाकामा भीडभाड बढी हुन्छ, त्यस्तै ठाउँमा मानव तस्करीको सम्भावना बढी हुने अधिवक्ता रामेश्वर सेढाईं बताउँछन्। मुलुकका व्यस्त नाकाहरू वीरगंज, नेपालगंज, महेन्द्रनगर, काकडभिट्टा, भैरहवालाई मानव तस्करीहरूले प्रयोग गरिरहेको अधिवक्ता सेढाईंको भनाइ छ। राज्यले अरू तस्करीतिर ध्यान दिएका छन् भने मानव तस्करीलाई हल्का किसिमले लिएको कारण पनि अपराधीको मनोबल बढेको उनको भनाइ छ।

राज्यको निगरानीको कमीले गर्दा नै मानव तस्करी बढेको हो। यदि अध्यागमनले को को गए, आए कि आएनन् चेक गरेर रेकर्ड राख्नुपर्ने हो। यहाँ काम, किनमेल, तीर्थ यात्राको नामले जो पनि सहजै सीमा नाघेर जान्छन्, ती कसैको इन्ट्री छ, न कुनै रेकर्ड। न कुनै आधुनिक टेक्नोलोजीको प्रयोग हुन्छ। त्यसैले होला सजिलै मानव तस्करी हुन्छ।

यहाँ राज्यको बढी निगरानी मालसामान तस्करीतर्फ छ। मानव तस्करी १२ वर्षको उमेरदेखि ४० वर्षसम्मका महिला तथा बालबालिकाहरूको हुने गरेको छ। जसमा बालकदेखि १५ वर्षसम्मकालाई पढाउने भन्दै भारत पुऱ्याउने गरेको पाइएको छ। केहीलाई नेटवर्क व्यापारमा लैजाने र केही बालकलाई भीख माग्न लगाउने गरेको माइती नेपालकी संयोजक पुरी बताउँछिन्।

उद्धार गरी ल्याएकाहरूलाई आफन्तको जिम्मा नलगाएसम्म माइती नेपालले वीरगंजस्थित आफ्नै कार्यालयमा संरक्षण दिएर राख्ने गरेको छ। लकडाउनको समयमा पनि १५/२० जनालाई संरक्षण दिएको माइती नेपालले जनाएको छ।

राजनीतिक उथलपुथल, अस्थिरता, रोजगारको कमीको कारण मानव तस्करी फस्टाउँदै गएको छ। कतिपयलाई त थाहा हुँदाहुँदै पनि बाध्यतामा बेचिने गरेका छन्। अधिवक्ता रामेश्वर सेढाईंका अनुसार यसको समाधानको लागि विशेष संयन्त्र हुनुपर्छ। यो अवस्थामा कानूनले फाँसीको सजाय नै राख्यो भने पनि समाधान हुँदैन। जबसम्म राज्यले सिमानालाई विशेष ध्यान दिंदैन। जसरी अन्य अपराधका लागि विभिन्न एकाइ निर्माण गरेर जनशक्ति परिचालन गरिन्छ, त्यसरी मानव तस्करी नियन्त्रणका प्रयास राज्यस्तरबाट हुन सकेको छैन।

मानव तस्करी रोक्ने नै हो भने सम्भावित नाकाहरूमा विशेष तालीम तथा प्रशिक्षण प्राप्त सुरक्षाकर्मीहरू परिचालन गर्नुपर्छ ताकि उनीहरूले हरेक यात्रुको हाउभाउबारे सूक्ष्म अनुसन्धान गर्न सकोस्। नियमितरूपमा नाका प्रयोग गर्ने र आक्कलझुक्कल नाका प्रयोग गर्नेहरूबारे सीमानाकामा खट्ने सुरक्षाकर्मीले विशेष निगरानी राख्न सक्ने हुनुपर्छ। सीमा नाका निकरानीमा मात्रै कडाइ भइदियो वा तस्करहरू समातिन थाल्यो भने मानव तस्करी न्यूनीकरणमा सहयोग पुग्छ।

# भरतपुर अस्पतालमा ठगिन्छन् बीमाका बिरामी

चितवन, १३ भदौ/रासस

भरतपुर अस्पतालको स्वास्थ्य बीमा कार्यक्रमका 'फोकल पर्सन' नारायण सापकोटा आफैंले हेर्ने बीमा कार्यक्रममा




ठगिएका छन्। आफ्नी पत्नीको पित्तथैलीको शल्यक्रिया गर्दा बीमामा रु २७ हजार ५०० दाबी गरे। त्यसो त अस्पतालमा औषधि नभएपछि रु चार हजारको औषधि बाहिर किन्नुपऱ्यो।

आम नागरिकझैं बीमाबाट रकम काट्ने र छुट्टै औषधि किन्नुपर्दा आफू पनि मर्कामा परेको उनले स्वीकार गरे। बीमा बोर्डसँग भरतपुर अस्पतालले शल्यक्रियाको औषधि, परीक्षण, शय्या, शल्यक्रिया शुल्कलगायत सबै प्याकेजमा रकम तय भएको छ। अस्पतालले शल्यक्रिया गर्दै गर्दा आफूले सुविधा दिन नसके पनि पूरै रकम सेवाग्राहीको खाताबाट दाबी गरेर बीमा बोर्डसँग लिने गर्दछ। सापकोटाले भने– "औषधि उपलब्ध गराउने जिम्मा अस्पतालको हो" –दोहोरो खर्च गराउनु गलत भएको उनले भने।

बीमाले लगभग ८० प्रतिशत औषधि समेटेको भएपनि अस्पतालले दिन नसकेको उनको भनाइ छ। अस्पतालमा औषधि नहुँदा शल्यक्रियासँगै दमका बिरामी, ज्वरोका बिरामी पनि मर्कामा पर्ने गरेको सापकोटाको भनाइ छ। अस्पताल र बीमा बोर्डबीच पित्तथैलीको ल्याबकोली (मेशिनबाट गरिने शल्यक्रिया) गर्दा प्याकेजमा रु २७ हजार ५०० दाबी गर्ने उल्लेख छ भने चिरेर शल्यक्रिया गर्दा रु १८ हजार उल्लेख छ।

त्यस्तै, एपेन्डिसाइटिसको रु १५ हजार ५०० रहेको छ। सापकोटाको भनाइमा सबै शल्यक्रियाको दररेट छ। अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा रोशन न्यौपाने अस्पतालमा अधिकांश औषधि आपूर्ति गराउन लागिपरेको बताउँछन्। औषधि दिन नसकेको उनले स्वीकार गरे। प्रत्यक्षरूपमा बिरामी प्रभावित भएको विषयमा थप बुझ्ने न्यौपानेको भनाइ छ।

बीमा बोर्डका कार्यकारी निर्देशक डा दामोदर बसौला औषधि उपलब्ध नगराएर रकम दाबी गर्न नपाउने बताउँछन्। यस विषयमा प्रत्यक्षरूपमा अस्पतालमा कर्मचारी पठाएर बुझ्ने उनको भनाइ छ। सरकारी अस्पतालले राम्रो गर्छ भन्ने उद्देश्यका साथ बीमा कार्यक्रमको पहिलो बिन्दु सरकारी अस्पताल बनाइएको भन्दै उनले बिरामी र बोर्ड कोही पनि ठगिन नहुने बताए।

भरतपुर अस्पताल यस क्षेत्रमा बीमामा धेरै दाबी गर्ने अस्पतालमा पर्दछ।

# नेपालमा प्रयोग भएको कोरोनाको खोप प्रभावकारी

काठमाडौं, १३ भदौ/रासस

नेपालमा पछिल्लो समयमा नियमितरूपमा लगाइएको कोरोनाविरुद्धको खोपको प्रभावकारिता देखिएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार देशका विभिन्न स्थानबाट खोप लगाएका १३ हजार १६१ जनाको नमूना परीक्षण गर्दा ९० प्रतिशतसम्म एन्टिबडी देखिएको हो।

मन्त्रालयले गत असार २१ गतेदेखि ३० साउनसम्म खोप लगाएका मानिसको नमूना परीक्षण गरेको थियो। सर्वेक्षणमा प्राप्त नतीजा अनुसार देशभर कुल ६८.६ प्रतिशत नमूनामा कोभिड–१९ एन्टिबडी देखिएको छ। एक मात्रा खोप लगाएका व्यक्तिमा ८० प्रतिशत र पूर्ण मात्रा खोप लगाएकामा ९० प्रतिशत एन्टिबडी देखिएको छ। सो नतीजाका आधारमा नेपालमा प्रयोग भएका खोप अत्यन्त प्रभावकारी देखिएको मन्त्रालयका प्रवक्ता कृष्णप्रसाद पौडेलले जानकारी दिए।

नेपालमा भेरोसेल, जोन्सन एन्ड जोन्सन, कोभिशिल्डलगायतका खोप प्रयोग गरिएको छ। मन्त्रालयका अनुसार हालसम्म पहिलो मात्रा खोप लगाउनेको सङ्ख्या ५० लाख ६३ हजार ५२२ रहेका छन्। यस्तै, पूर्ण मात्रा खोप लगाउनेको सङ्ख्या ४० लाख ५२ हजार ७६५ रहेको छ।

कोरोना भाइरसले आफ्नो रूप परिवर्तन गरिरहने जोखिम कायमै रहेकाले सङ्क्रमणको रोकथाम, नियन्त्रण गर्नु नै एकमात्र प्रभावकारी उपाय हो। जुन हालको अवस्थामा निकै सान्दर्भिक रहेको मन्त्रालयको भनाइ छ। भौतिक दूरी कायम गर्ने, गराउने, भीडभाड नगर्ने, नगराउने, घरबाहिर ननिस्कनै पर्ने भएमा अनिवार्यरूपमा मास्कको प्रयोग गर्ने गराउने, सरसफाइमा विशेष ध्यान दिने र कोरोनाविरुद्धको खोप लगाउन मन्त्रालयले सबैमा आग्रह गरेको छ।

कोरोनासँग मिल्दोजुल्दो सङ्क्रमण भएको तथा कुनै पनि लक्षण भएमा आफ्नो स्थानीय तहसँग सम्पर्क गरी निश्शुल्करूपमा परीक्षण गराउन वा नजीकको सरकारी संस्था, प्रयोगशालामा निश्शुल्क परीक्षण गरिने मन्त्रालयले जनाएको छ। कोरोना सङ्क्रमणको पुष्टि भएमा विगत सात दिनभित्र आफ्नो सम्पर्कमा आएका व्यक्तिलाई अलग्गै बस्न तथा नियमितरूपमा निगरानीमा रहन र स्वास्थ्य समस्या देखिए परीक्षण गर्न अनुरोध गरिएको छ। नियमितरूपमा १० दिनसम्म आइसोलेशनमा बसे कोरोना ठीक भएर जाने मन्त्रालयको भनाइ छ।

# "ज्येष्ठ नागरिक लक्षित ऐन कानून" सम्मानपूर्वक बाँच्ने आधार

–वासुदेव पौडेल

गण्डकी, १३ भदौ/रासस

'आगो ताप्नू मुढाको, कुरा सुन्नू बूढाको' भन्ने उखान नेपाली जनजिब्रोमा प्राचीनकालदेखि चल्दै आएको छ। उखानमा भनेजस्तै पछिल्ला समयमा ज्येष्ठ नागरिकका अनुभव पछिल्ला पुस्ताले आत्मसात् गर्ने क्रम पनि बढ्दै गएको छ भने विगतमा जस्तो ज्येष्ठ नागरिक हेलत्व हुने क्रम घट्दै गएको छ।

संविधानमा नै ज्येष्ठ नागरिकका हकहितका विषय उल्लेख गरिनु र उनीहरूको सामाजिक सुरक्षाका विभिन्न विषयमा कानूनतः नै सम्बोधन भएपछि यतिखेर ज्येष्ठ नागरिकले निर्धक्कसँग आफ्ना कुरा घरपरिवार तथा समाजमा राख्ने अवस्था पनि सिर्जना भएको छ। संविधानतः ज्येष्ठ नागरिकको हकहितका विषयलाई मौलिक हकका रूपमा उल्लेख गर्दै नेपालको संविधानको भाग ३, धारा ४१ मा 'ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ' –भनिएको छ।

संविधानतः नै ज्येष्ठ नागरिकका मौलिक हक सुनिश्चित गरिनाका साथै ज्येष्ठ नागरिक ऐन तथा त्यससँग सम्बन्धित कानून बने पनि कार्यान्वयन पक्ष भने अझै प्रभावकारी बन्न नसकेको गुनासो आउने गरेको राधाकृष्ण वृद्धाश्रम पोखरा–३२ का अध्यक्ष प्रेम लिगलले बताए। उनका अनुसार सामाजिक सुरक्षा भत्ता अन्तर्गत ज्येष्ठ नागरिकले मासिक रु तीन हजार पाउँदै आएका छन्। पोखरा महानगरपालिकाले यहाँका ज्येष्ठ नागरिकलाई भत्तामा १० प्रतिशत थपेर उपलब्ध गराउँदै आएको छ। ज्येष्ठ नागरिकका लागि चालू आर्थिक वर्षमा रु एक हजार सामाजिक सुरक्षा भत्ता थप भएको उनले जानकारी दिए।

स्वास्थ्य, यातायातलगायत क्षेत्रमा सहुलियत दिन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले ज्येष्ठ नागरिकलाई परिचयपत्र उपलब्ध गराए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको अध्यक्ष लिगलले बताए। "यातायातका क्षेत्रमा ज्येष्ठ नागरिकलाई सहुलियत दिने विषयको कार्यान्वयनका लागि यातायात व्यवस्था कार्यालयले सम्बन्धित यातायात समितिसँग नै पहल गर्नुपर्ने देखिएको छ" –उनले भने। अध्यक्ष लिगलका अनुसार पछिल्लो समयमा संविधानमा नै ज्येष्ठ नागरिकको हक मौलिक हकका रूपमा उल्लेख गरिनाका साथै ज्येष्ठ नागरिक लक्षित कानून बन्दा गाउँ–समाजमा ज्येष्ठ नागरिकप्रति सम्मान तथा व्यवहारमा पनि परिवर्तनको आभास पाइएको छ।

नेपालमा २०६३ सालमा ज्येष्ठ नगारिक ऐन आयो, त्यसपछि २०६८ मा नियमावली बनेको थियो। ऐन तथा नियमावली बने पनि स्वास्थ्य, यातायातलगायत क्षेत्रमा पाउने सेवा सुविधा अझै पनि प्रभावकारीरूपमा कार्यान्वयनमा नआउनु चुनौती बनेको छ। ऐनको प्रस्तावनामा नै ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने तथा तिनमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्ने सम्बन्धमा तत्काल व्यवस्था गर्न वाञ्छनीय भएकोले ऐन बनाइएको उल्लेख छ।

नेपाल सरकारले ६० वर्ष काटेकालाई ज्येष्ठ नागरिकका रूपमा राखेको र सामाजिक सुरक्षालगायत विषय ७० वर्ष पुगेपछि मात्रै दिने कुरा त्यति व्यावहारिक नदेखिएको समाज कल्याण परिषद् राष्ट्रिय ज्येष्ठ नागरिक कोषका सञ्चालक सदस्य केशवराज लम्सालले बताए। राज्यको प्राथमिकतामा परेर नै महामारीका रूपमा फैलिएको कोभिड–१९ विरुद्धको खोप यतिखेर अधिकांशले लगाइसकेका छन्। नेपालमा ७० वर्ष भन्दामाथि उमेर समूहका ज्येष्ठ नागरिकको सङ्ख्या २७ लाख छ। नेपालमा कुल जनसङ्ख्यामध्ये ६० वर्ष भन्दामाथिका नागरिक झन्डै १० प्रतिशत रहेको पोखरा वृद्धाश्रमका अध्यक्ष एवं राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष कुसुमकेशव पराजुलीले जानकारी दिए।

सरकारले ज्येष्ठ नागरिकको उपचारका लागि अस्पतालमा अनिवार्य शय्या उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको छ। ज्येष्ठ नागरिकका लागि अस्पतालमा शय्याको व्यवस्था गर्ने भनिए पनि अझै प्रभावकारी बन्न सकेको छैन। पोखरा वृद्धाश्रम तथा पोखरा–१७ का सचिव लम्सालले भने–"ज्येष्ठ नागरिक लक्षित कानूनका साथै सामाजिक सुरक्षा भत्तालगायत कारणले पनि समाजमा विगतमा जस्तो हेलत्व व्यवहार भने छैन।"

# अफगानिस्तान

मन्तव्य



कुमार रुपाखेती

**तर फर्किंदा फर्किंदै अमेरिकाले आफ्नो आधुनिक सैनिक साजोसामान, गोलाबारुद र आधुनिक बन्दूकहरू त्यहाँ सक्रिय विभिन्न गुटलाई गोप्यरूपमा वितरण गरी गृहयुद्धमा फसाइ आफू टाटा–बाइबाई गर्दै त्यहाँबाट बाहिरिँदै छ ।**

अचेल विश्वभरि नै चियापसल, भट्टीपसलदेखि तारे होटलसम्म अफगानिस्तानकै चर्चा छ । नेपालले अफगानिस्तानमा गहिरिंदो सङ्कटबाट आफ्ना नागरिकलाई निकाल्न नसके पनि गोहीको आँसु चुहाइरहेको देखिन्छ। गनिमत छ कि केही छिमेकी राष्ट्रले कनीकुथी केही नेपालीको उद्धार गरिदिएका छन्। नेपाल सरकारले त्यहाँ १५ सयको हाराहारीमा नेपाली रहेको जनाए पनि एउटा अपुष्ट समाचार अनुसार अफगानिस्तानमा कम्तीमा १० हजार नेपाली नागरिक अलपत्र छन् । सरकारले त काबुलमा रहेका नेपालीहरूको मात्र तथ्याङ्क भेट्टाएको छ। राजधानी काबुलबाहेक अफगानिस्तानका अन्य भागमा अलपत्र परेका नेपालीहरूबारे सोधखोज गर्ने क्षमता नेपाल सरकारसँग छैन । भारतीय सुरक्षाकर्मीहरूले तुइनको तार चुँडाएर महाकाली नदीमा बेपत्ता पारिएका जयसिंह धामीको लाशसम्म पत्ता लगाउन नसक्ने नकच्चरोहरूले तालिबानको बोलबाला भएको अफगानिस्तानमा फसेका नेपालीहरूको सोधखोज गर्ने हच्याउ गर्छन् भन्ने कसैले विश्वास नगरे हुन्छ ।

सारा संसारमा युरोपेली शक्तिको आधिपत्य भएको बेला एशियामा चारवटा मुलुक मात्र स्वतन्त्र थिए । नेपाल, अफगानिस्तान, जापान र थाइल्यान्ड । विसं २०१८ को बेलग्रेडमा सम्पन्न असंलग्न राष्ट्रहरूको शिखर सम्मेलनमा भाग लिने २४ मुलुकमध्ये नेपाल र अफगानिस्तान पनि हुन्। त्यस बेलासम्म अफगानिस्तानमा राजतन्त्र थियो र राजा जाहिर शाह थिए । भनिन्छ, अफगानी राजा जाहिर शाह पश्तोभाषी मोहम्मदजाई कबिलाका थिए। राजा महेन्द्रको निमन्त्रणमा २०२७ सालमा राजा जाहिर शाह नेपाल आउँदा भव्य स्वागत गरिएको थियो । राजा महेन्द्रको भूमिसुधार कार्यक्रमबाट प्रभावित उनले नेपाल भ्रमणबाट फिर्ती भएपछि त्यहाँ पनि भूमिसुधार र जग्गाको हदबन्दी लागू गरे । त्यसपछि जाहिर शाहसँग क्रोधित अफगानी जमीनदार र राजाबीच मनमुटाव बढ्दै जाँदा २०२९ सालमा विदेश भ्रमणमा रहेका बखत राजा जाहिर शाहलाई अपदस्थ गरियो। त्यसपछि अफगानिस्तानको बर्बादी शुरू भयो ।

संसारको सबैभन्दा बढी अर्थात् ९० प्रतिशत अफिमको उत्पादन अफगानिस्तानमैं हुन्छ। हेरोइन, अफिम बेच्न बजार जानुपर्दैन, खरीदकर्ता उत्पादकको घरमैं पुग्छन्। भनिन्छ, त्यहाँ करीब १८५ हेक्टर जमीनमा अफिमखेती गरिन्छ । अफिमबाट मात्रै त्यहाँको सरकारले बर्सेनि २० देखि ३० मिलियन अमेरिकी डलर राजस्व पाउँछ। राजाको उन्मूलनपछि अफगानिस्तान लडाइँको मैदानमा परिणत भयो। अफगानिस्तानमा ३४ वटा प्रान्त छन् । अहिले पंजशीर घाटीबाहेक सबै क्षेत्रमा तालिबानी झन्डा फहराइएको छ । भनिन्छ, तालिबानको असली र खुङ्खार रूप ३१ अगस्तपछि देखिनेछ, जब यो दिन अमेरिकी सेनाले अफगानिस्तान छाड्छ। ३१ अगस्त अर्थात् अमेरिकी र नेटो सेना रहुन्जेल तालिबानले सरकार नबनाउने सङ्कल्प नै गरेको छ । अहिले अफगानिस्तानमा शासन गर्ने तालिबानलगायत विभिन्न कबिला सक्रिय छन् । अफगानिस्तानमा अल्पसङ्ख्यामा रहेको हजारा जाति अहिले सङ्कटमा छ । किनकि तालिबानहरू हजारालाई देख्न सक्दैनन्। युवती र महिलाहरू आत्महत्या गर्ने तर तालिबानको हातमा नपर्ने बताउँछन् । तालिबानहरूले बारम्बार फलाक्ने सरिया कानून अनुसार पुरुषले दाह्री पाल्नैपर्ने, महिला एक्लै हिंड्डुल गर्न नपाउने, महिलाले सम्पूर्ण जीउ ढाक्ने गरी बुर्का लगाउनुपर्ने, दश वर्षभन्दा माथिका बालिकाहरूलाई विद्यालयमा जान बन्देज गर्ने, गीत–सङ्गीत सुन्न नपाउनेलगायतका जङ्गली उर्दीहरू छन्। तालिबान शासनबाट अफगानिस्तानलाई मात्र नभई दुनियाँलाई नै खतरा छ । धेरैअघिदेखि अमेरिका बसिरहेकी भगोडा राष्ट्रपति अशरफ घानीकी छोरी मरियम घानी अहिले चर्चामा छिन्। उनले अहिले तालिबानविरोधी अभियान नै चलाएकी छन् र आफ्ना पिताको बचाउमा सक्रिय छिन् । सन् १९८९ सम्म संसारमा दुई महाशक्ति अमेरिका र रूसबीच शीतयुद्धको वातावरण थियो र सन् १९९१ को अन्त्यमा तत्कालीन सोभियत सङ्घ टुक्रिएर कमजोर भयो। टुक्रिनुअघि नौ वर्ष अफगानिस्तानमा रूसको हैकम चल्थ्यो। त्यस बेला अमेरिकी सहयोगमा ओसामा बिन लादेनहरू रूसी सैनिकसँग भिड्थे। यतिबेलासम्म तालिबान एउटा सानो गुट थियो, जसलाई अमेरिकाले हुर्काएर वटवृक्ष बनाउँदै थियो। आफ्नो मिशन पूरा गरेपछि सन् १९८६ मा रूसी सेनाले अफगानिस्तान त्याग्यो। त्यसपछि अफगानिस्तानमा मुजाहिद्दीन विद्रोहीको शासन चल्यो। अमेरिकाले त्यतिखेर ५० जनाबाट तयार गरेको तालिबान 'इस्लाम खतरे मे है' भन्दै बलियो बन्न थाल्यो । सन् १९९६ सेप्टेम्बर २६ मा तालिबानले त्यहाँ करीब पाँच वर्ष रजगज गर्‍यो । अमेरिकाको ट्वीन टावरमा आतङ्की हमला भएपछि सन् २००१ सेप्टेम्बरको दोस्रो हप्ता ओसामा बिन लादेनलाई खोज्न अमेरिकी सैनिक अफगानिस्तान पस्यो । किनकि तालिबानहरूले अल–कायदाका प्रमुख ओसामालाई अफगानिस्तानमा संरक्षण दिएर राखेको अमेरिकाले ठोकुवा गर्‍यो। तर त्यसको १० वर्षपछि ओसामा पाकिस्तानमा भेटिएर मारिए। त्यसपछिको दश वर्ष अर्थात् २० वर्षपछि यही ३१ अगस्तमा अमेरिकाले अफगानिस्तान पूर्णरूपमा छाड्दैछ। जर्ज डब्लु बुशको पालामा त्यहाँ पसेको सेना जो बाइडेनको पालामा फिर्ता हुँदैछ। तर फर्किंदा फर्किंदै अमेरिकाले आफ्नो आधुनिक सैनिक साजोसामान, गोलाबारुद र आधुनिक बन्दूकहरू त्यहाँ सक्रिय विभिन्न गुटलाई गोप्यरूपमा वितरण गरी गृहयुद्धमा फसाइ आफू टाटा–बाइबाई गर्दै त्यहाँबाट बाहिरिंदै छ । सबैले सामानरूपमा हतियार पाएपछि अफगानिस्तानमा अब तालिबानको हुम्बो–हुम्बो अलि मत्थर हुन थालेको छ। त्यही डरले तोकिएको समयसीमामा अफगानिस्तान छोड्न अमेरिकाले ऐडीचोटी एक गरेको छ । तालिबानले लडाइँ खत्म भने पनि अमेरिकी हतियारले सुसज्जित पंचशीरका लडाकूहरूले लडाइँ अहिले समाप्त नभएको बताउँदै आएका छन् । पञ्चशिरको नर्दन एलाइन्सलाई बलियो पार्न थुप्रै समूह यसमा आबद्ध भइरहेको समाचार बाहिरिनाले तालिबान अलमलिरहेको देखिन्छ। पंजशीर घाँटी राजधानी काबुलको मोटरबाटोबाट तीन घण्टा मात्र टाढा छ। अफगानिस्तानमा जेसुकै भइरहे पनि विश्व भने अमेरिकाको अगला कदमको पर्खाइमा छ भने रूस र चीन तालिबानको समर्थनमा देखिन्छन् । जतिसुकै सुधारिएको र खारिएको भनेपछि विगतमा पहिलो तालिबानी शासन भोगिसकेकाहरूले तालिबानमाथि विश्वास गर्न सकेका छैनन्। अस्ति भर्खरै तालिबानहरूले बागियान प्रान्तका प्रहरी प्रमुख हाजी मुल्ला आजकाईको हत्या गरी यसको पुष्टि गरे । घरघरमा पसेर अमेरिकी र नेटो सेनालाई सहयोग गर्नेहरूलाई खोजिरहेको देखिन्छ ।

कसैले भन्न सक्दैन, अफगानीहरूले कहिले बम, बन्दूकको धूवाँ र विध्वंशबाट छुटकारा पाउनेछन् ।

स्मरण रहोस्, १९१९ अगस्त १९ मा अफगानिस्तानमा महिलालाई मतदानको अधिकार र स्कर्ट, पाइन्ट लगाउने स्वतन्त्रता थियो र यही मितिमा ब्रिटिश इन्डियासँग सन्धि गरी अफगानिस्तान स्वतन्त्र राष्ट्र घोषित भएको हो । सन् १९१९ देखि १९७८ सम्म त्यहाँ अफगानीले शासन चलाए, सन् १९७८ पछि सन् १९८९ सम्म सोभियत सङ्घ र १९८९ देखि १९९६ सम्म अफगान सरकार र १९९६ देखि २००१ सम्म तालिबान। २००१ देखि २०२१ सम्म अमेरिका र अहिले अन्योल। सन् १९६५ मा त अफगानिस्तानमा दुई महिला सांसदसमेत थिए । हाम्रो कामना अफगानिस्तानले शान्तिको बाटो रोजोस्।



कोरोनाले विद्यालय बन्द हुँदा ग्रामीण भेगमा खेलेर दिन बिताउँदै बालबालिकाहरू । तस्वीरः राधेश्याम पटेल

## फरक समाचार

# गरीबी र मोटोपनले बढाउँदैछ हाइपरटेन्शन

विश्व स्वास्थ्य सङ्गठनको भनाइ अनुसार वर्तमान संसारभरि १५० करोड व्यक्ति हाइपरटेन्शनबाट ग्रसित छन्। सन् २०१९ मा १.७९ करोड व्यक्तिको मृत्यु हृदय रोगबाट भएको थियो। यसमध्ये एकतिहाईको मृत्युको लागि उच्च रक्तचाप जिम्मेवार छ। यस्तो यस कारण कि हाइपरटेन्शनका रोगीले यो रोगलाई बुझ्न सकेनन्। यसको लक्षण देखिंदैन। नतीजा रोगीमा हृदयघातजस्तो घटना हुन्छ। यसैले यस रोगलाई साइलेन्ट किलर पनि भनिन्छ।

**गरीबमा पनि बढ्दै छ रक्तचापः** इम्पियरिल कलेज लन्दनका प्राध्यापक माजिद इज्जाती भन्छन्–यो गरीबीसँग जोडिएको स्थिति हो किनभने अफ्रिका, साउथ एशिया र पेसिफिक आइल्यान्डसँग जोडिएका देशमा अहिले पनि रोगीले जुन उपचार चाहिन्छ त्यो पाइरहेका छैनन्।



डब्लुएचओको नन कम्युनिकेबल डिजिजका निर्देशक बेन्ट मिक्केलसन भन्छिन्– हामीलाई थाहा छ कि हाइपरटेन्शनको लागि सस्तो उपचार उपलब्ध छ। तर एउटा यस्तो इन्स्योरेन्स सिस्टमको आवश्यकता छ, जसले दुनियाभरमा एकजस्तै स्वास्थ्य सुविधा प्रदान गर्न सकियोस्।

बेन्ट भन्छिन्–जेनेटिक रिस्क फैक्टरका अलावा पनि थुप्रै यस्ता कारण छन् जुन हाइपरटेन्शनको लागि जिम्मेवार छ। जस्तै अस्वस्थ खानपान, शारीरिक गतिविधिको कमी, तम्बाकु, अल्कोहल सेवन, मधुमेहमाथि नियन्त्रण नहुनु र बढी वजन हुनु। यसमा मोटोपन सबैभन्दा ठूलो रिस्क फैक्टर हो।

**चार बुँदामा बुझ्नुस् रक्तचाप नियन्त्रण गर्ने सूत्रः** १) धूमपानबाट २० मिनेटसम्म बढिरहन्छ रक्तचाप : निकोटिनले आर्टरिजलाई खुम्च्याएर त्यसको भित्ता कडा पारिदिन्छ। यसको अलावा रगतको थक्का जम्नमा पनि यसले भूमिका खेल्छ। व्यक्तिले चुरोट पिएपछि मुटुको ढुकढुकी सामान्य हुन २० मिनेट समय लाग्छ। यसैले यसलाई छोड्नु नै श्रेयस्कर हो।

२) **एक किलो वजन घटाएपछि १ प्वाइन्ट कम हुन्छ रक्तचाप** : मेयोक्लिनिक अनुसार मोटोपनबाट ग्रसित बढी वजन भएको मनुष्यले यदि एक किलो वजन कम गर्छ भने रक्तचाप १ मिमी एचजी (१ प्वाइन्ट)सम्म कम हुन्छ। यतिमात्र होइन, रक्तचापको सम्बन्ध कमरसँग पनि हुन्छ। यदि पुरुषको कमर ४० र महिलाको कमर ३५ इन्चभन्दा बढी छ भने यसको खतरा बढी रहन्छ।

३) **५ ग्रामभन्दा बढी नून सेवन नगरौंः** एउटा युवा व्यक्तिले दिनभरिमा भोजनमा ५ ग्रामभन्दा बढी नून सेवन गर्नुहुँदैन। एउटा सानो चम्चा बराबर नूनमा लगभग २३ सय मिग्रा सोडियम हुन्छ। खानामा सोडियमको यस मात्रालाई कम गरेर ५ देखि ६ प्वाइन्ट रक्तचाप कम गर्न सकिन्छ।

४) **३० मिनेटको कसरतबाट ५ देखि ६ प्वाइन्ट रक्तचाप कम हुन्छः** नेशनल इन्स्टिच्युट अफ हेल्थमा प्रकाशित शोध अनुसार प्रतिदिन ३० मिनेटसम्म हिंडडुल गर्दा रक्तचाप ५ देखि ८ प्वाइन्टसम्म कम हुन्छ। हिंडडुल लगातार गर्नुपर्छ, अन्यथा रक्तचाप पुनः बढ्न सक्छ। यसको अलावा जगिङ, साइक्लिङ र नृत्य गर्दा पनि रक्तचाप कम हुन्छ।

**रक्तचाप १४०/९०, हाइपरटेन्शनको खतराः** जब कुनै व्यक्तिको रक्तचाप १४०/९० को स्तरमा पुग्छ भने यसलाई हाइपरटेन्शन भनिन्छ। १२०/८० देखि १३९/८९ को बीचको रक्तचाप भएका व्यक्तिलाई प्रि–हाइपरेन्शनको श्रेणीमा मानिन्छ। यस्ता व्यक्तिलाई हाइपरटेन्शनको खतरा सामान्य व्यक्तिको तुलनामा बढी हुन्छ।

**हाइपरेन्शनलाई किन भनिन्छ साइलेन्ट किलरः** हाइपरटेन्शनको लक्षण देखिंदैन, ९० प्रतिशत व्यक्तिलाई यसको जानकारी नहुने हुँदा हृदय रोगी बढिरहेका छन्। आज हरेक तीनजनामा एकजना हाइपरटेन्शनका रोगी छन्।

# अन्य रोगमा पनि सुँघ्ने क्षमता घट्छ

सुगन्ध महसूस गर्न नसक्नु अर्थात् सुँघ्ने क्षमता घट्नु कोभिडको एउटा ठूलो लक्षण हो। धेरैजसोले कोभिड भएपछि सुँघ्ने क्षमता हराउँछ भन्छन् तर अन्य रोगमा पनि सुँघ्ने क्षमता घट्छ। अल्जाइमर्स, सिजोफ्रेनिया र अन्य ओटो इम्युन रोगका कारण पनि सुँघ्ने क्षमता घटछ। यस रोगमा मस्तिष्कको त्यो भाग खुम्चिन्छ अथवा प्रभावित हुन्छ जसले सुँघ्ने काम गर्छ।



पार्किन्सन फाउन्डेशन अनुसार पार्किन्सन रोगबाट पीडित अधिकांश व्यक्तिमा सुँघ्ने क्षमता केही घट्छ। यसलाई हाइपोस्मिया भनिन्छ। यो गम्भीर खतरा हुन सक्छ। अमेरिकन कलेज अफ फिजिशियन्सका अनुसार जुन बुजुर्गको सुँघ्ने क्षमता कम पाइएको थियो उनीहरूमा आउँदो १० वर्षमा मृत्युको खतरा ५० प्रशितभन्दा बढी रहन्छ। यद्यपि कैयौंपटक सामान्य रूघाखोकीमा पनि मानिसमा सुँघ्ने क्षमता घटेको पाइन्छ। यसको अलावा सुँघ्ने क्षमता घट्छ भने सावधान हुनुपर्छ।

विज्ञका अनुसार गन्ध महसूस नहुनुको पछाडि राइनाइटिस, औषधिको साइड इफेक्ट र भाइरल सङ्क्रमण हुन सक्छ। केही मामिलामा ब्रेन ट्युमर भएपछि पनि यस्तो हुन्छ। लामो समयसम्म गन्धको अनुभूति नहुनु डिमेन्शियाको एउटा लक्षण पनि हुन सक्छ।

**बुकलेट टेस्टले बताउँछ सुँघ्ने क्षमताः** यसमा थुप्रै पानाको एउटा बुकलेट हुन्छ, जसमा विशेष गन्धले भरिएको ससाना थोपा हुन्छ। पीडितलाई प्रत्येक पाना खुर्किन र गन्ध पहिचान गर्न भनिन्छ। यदि उसले गन्ध सुँघ्न सक्दैन अथवा गलत पहिचान गर्छ भने यो सुँघ्ने क्षमता घटेको मानिन्छ। यो टेस्ट नाक, कान र घाँटी विशेषज्ञको निगरानीमा हुन्छ।

फोर्टिस अस्पतालमा इन्टरनेशनल मेडिकल विभागका सिनियर कन्सल्टेन्ट डा मनोज शर्माका अनुसार पुरुषको तुलनामा महिलाको सुँघ्ने क्षमता बढी हुन्छ। गर्भवतीमा यो क्षमता झनै बढ्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिकाको लुइजियानामा भयानक आँधीको चेतावनी

संयुक्त राज्य अमेरिका, १३ भदौ/एएफपी

अमेरिकाको दक्षिणी राज्य लुइजियानामा केही दशक यताकै सबैभन्दा




शक्तिशाली आँधी नजिकिँदै जाँदा त्यस राज्यका तटीय क्षेत्रमा बसोबास गर्ने दशौँ हजार मानिस सुरक्षित स्थानतर्फ गएका छन्।

आइडा नाम दिइएको यस आँधी नजिकिँदै गएपछि लुइजियाना प्रशासनले आँधीको सम्भावित प्रभाववारे चेतावनी दिँदै सम्भावित जोखिमको क्षेत्रमा पर्ने लुइजिआनाका बासिन्दाहरूलाई सुरक्षित स्थानमा जान आग्रह गरेको थियो।

स्थानीय समय अनुसार आइतवार बेलुका 'आइडा आँधी गल्फ अफ मेक्सिकोमा पुग्ने बताइएको छ। आँधीसँगै २२० किलोमिटर प्रतिघण्टाको दरमा हावा चल्ने तथा जोखिमयुक्त छालहरू आउने सम्भावना रहेको अमेरिकी मौसम पूर्वानुमान केन्द्रहरूले बताएका छन्।

सन् २००५ न्यू अर्लियन्समा गम्भीर क्षति गरेको क्याट्रिना आँधीभन्दा पनि आइडा भयानक हुने पूर्वानुमानकर्ताहरूले बताएका छन्। लुइजिआनाका गर्भनर जोन बेल एड्वाड्र्सले आइडा आँधी राज्यको इतिहासमा १५० वर्ष यताकै गम्भीर हुन सक्ने चेतावनी दिएका छन।

छिमेकी राज्य मिसिसिपीका गभर्नरले आपतकालीन अवस्था घोषणा गरेका छन्। अमेरिकी राष्ट्रपति जो बाइडेनले आइडा निकै खतरनाक बन्ने देखिएको र केन्द्र सरकार आवश्यक सहयोगका लागि तयार रहेको बताएका छन्। गल्फ अफ मेक्सिकोको मौसम गर्मी हुँदै जाँदा आँधी गम्भीर बनेको हो।

आइडालाई क्याटगोरी–२ बाट अति खतरनाक क्याटगोरी–४ घोषित गरिएको हो। लुइजिआनाको दक्षिणी क्षेत्रमा नेपाली समय अनुसार बेलुका पौने सात बजेदेखि तीव्र गतिको हावा चल्ने अनुमान छ। सन् २००५ मा न्यू अर्लियन्समा एक हजार जनाभन्दा धेरैको ज्यान लिएको क्याटगोरी–३ वर्गीकरण गरिएको क्याट्रिना आँधी अगस्ट २९ कै दिन आएको थियो। रासस

## युएईले खोप लगाएका पर्यटकलाई यात्रा अनुमति दिने

दुबई, १३ भदौ/एएफपी

संयुक्त अरब इमिरेट्सले सोमवारदेखि कोभिडविरुद्ध पूर्ण खोप लगाएका सबै पर्यटकका लागि भिसा जारी गर्ने घोषणा गरेको छ। दुबईले ढिलो गरी सञ्चालन हुन लागेको व्यापार प्रदर्शनी २०२० आयोजना गर्नुभन्दा एक महीनाअघि विदेशी पर्यटकका लागि भिसा दिने घोषणा गरेको हो।

दुबईले गत वर्ष छ महीने 'दुबई एक्स्पो २०२०'मार्फत लाखौं आगन्तुकलाई आकर्षित गर्ने र अर्थव्यवस्थालाई सुदृढ पार्ने योजना ल्याएकोमा स्वास्थ्य सङ्कटले एक वर्ष ढिलो गरी अक्टोबरमा यसको आयोजना गर्न लागेको हो।

गत हप्तान्तमा २४ घण्टाको अवधिमा कोभिड–१९ सङ्क्रमित दरमा महीनौंपछि एक हजारभन्दा कम सङ्क्रमित भेटिएको र यो नियन्त्रणको दिशातिर गएको भन्दै युएईले व्यापारिक तथा पर्यटकीय गतिविधिमार्फत महामारीका कारण थला परेको अर्थतन्त्रलाई उकास्न कोभिड–१९ नियन्त्रणाका लागि लिइएका प्रतिबन्धात्मक उपायहरूलाई क्रमशः अन्त्य गर्दै जाने निष्कर्षमा पुगेको यहाँको समाचार संस्था वाम (डब्लुएएम)ले अधिकारीलाई उद्धृत गरी समाचार लेखेको छ।

योग्य व्यक्तिहरूलाई विश्व स्वास्थ्य सङ्गठनद्वारा अनुमोदित अस्ट्राजेनिका, जोन्सन एन्ड जोन्सन, मोडेर्ना, फाइजर, सिनोफार्म र सिनोभ्याक नामक कोभिड–१९ विरुद्धका खोपहरूमध्ये कुनै एक खोपको पूर्ण मात्रा लगाएको हुनुपर्नेछ।

यो निर्णय पहिले प्रतिबन्धित देशहरूबाट आएकालगायत सबै देशका नागरिकहरूमा लागू हुने वामले जनाएको छ। यद्यपि पर्यटक भिसामा आउने यात्रीहरूले विमानस्थलमा अनिवार्य पिसिआर परीक्षण गर्नुपर्नेछ। कोभिड महामारीको बीचमा देशको जीवन धेरै हदसम्म सामान्य भएपनि यसले मास्क लगाउने र सामाजिक भेलासम्बन्धी कडा नियमहरू लागू गरिरहेको छ।

युएईमा हालसम्म सात लाख १५ हजार व्यक्तिमा कोभिड–१९ सङ्क्रमण पुष्टि भइसकेको छ भने दुई हजार ३६ सङ्क्रमितको मृत्यु भएको सरकारी तथ्याङ्कमा जनाइएको छ।

**भारतमा थप ४४ हजार ६५८ व्यक्ति कोभिड–१९ सङ्क्रमित**

नयाँ दिल्ली/पिटिआई

भारतमा कोभिड–१९ सङ्क्रमितको सङ्ख्या पछिल्लो एक दिनमा ४४ हजार ६५८ पुगेको सङ्घीय स्वास्थ्य मन्त्रालयले जनाएको छ।

यससँगै भारतमा अहिलेसम्म कोरोना भाइरसबाट सङ्क्रमित भएका व्यक्तिको सङ्ख्या तीन करोड ४४ हजार ८९९ पुगेको छ।

मन्त्रालयको तथ्याङ्क अनुसार भारतमा कोभिड–१९ सङ्क्रमित चार लाख ३६ हजार ८६१ जनाको मृत्यु भइसकेको छ। अहिले सक्रिय सङ्क्रमितको सङ्ख्या १.०३ प्रतिशत रहेको छ भने ९७.६३ प्रतिशत सङ्क्रमित निको भइसकेका छन्।

भारतमा दैनिक सङ्क्रमण दर २.४५ प्रतिशत रहेको र सङ्क्रमितको सङ्ख्या दैनिक १० हजारभन्दा बढीले वृद्धि भइरहेको छ।

मन्त्रालयका अनुसार कोभिड–१९ निको भएका व्यक्तिहरूको सङ्ख्या तीन करोड १८ लाख २१ हजारभन्दा बढी पुगेको छ। अहिले सङ्क्रमित अवस्थामा रहेका बिरामीमध्ये १.३४ प्रतिशतको अवस्था गम्भीर भएको र उनीहरूले देशका विभिन्न अस्पताल तथा स्वास्थ्य संस्थामा उपचार सेवा लिइरहेको बताइएको छ। रासस

## तालिबानद्वारा काबुल विमानस्थल प्रवेशमा थप कडाइ

काबुल, अफगानिस्तान, १३ भदौ/एएनआई

अफगानिस्तानबाट उत्तर एटलान्टिक सन्धि सङ्गठन (नेटो)का सैनिकको अन्तिम उद्धार उडानसँगै शनिवारदेखि काबुल विमानस्थल प्रवेशमा तत्कालका लागि थप कडाइ गरिएको तालिबान समूहले बताएको छ।

तालिबान समूहले अफगानिस्तानको राजधानीलगायत प्रायः सबै प्रान्त आफ्नो कब्जामा लिएपछि उनीहरूको शासन कठोर हुने त्रासले दैनिक हजारौंको सङ्ख्यामा अफगानीहरू बाहिरिने क्रम जारी रहेकै समय तालिबानी समूहले विमानस्थल प्रवेशमा कडाइ गरेको हो।

तालिबान नेताहरूले विदेश पलायन हुन लागेका अफगानीहरूको देशमा नै सुरक्षाको प्रत्याभूत गरिने यसअघि नै बताउँदै आएका थिए। अफगानी नागरिकलाई स्वदेशमैं रही काम गर्ने वातावरण निर्माण गरिने, सरिया कानून अन्तर्गत रहेर महिलाहरूलाई अधिकार प्रत्याभूत गरिने र विदेशी कूटनीतिज्ञलाई सुरक्षाको प्रत्याभूत गरिनेलगायत प्रतिबद्धता तालिबानी नेताहरूले गरेका छन्।

यद्यपि अतिवादी जिहादी समूहको भनाइजस्तो शासन हुनेमा कमैले विश्वास गरेका कारण ठूलो जनशक्ति विदेशिएको छ।

शनिवारको सूचनामा काबुल विमानस्थलमा 'आगामी २४–३६ घण्टामा अर्को आतङ्ककारी हमलाको अत्यधिक सम्भावना' रहेको अमेरिकी अधिकारीले चेतावनी दिएका छन्।

यसैबीच, शनिवारदेखि नै विमानस्थलसम्म पुग्ने सडकका ठाउँठाउँमा अवरोध खडा गरेका छन्। ती स्थानहरूमा केही बर्दीधारी तालिबान सैनिकले हृयुमभेस र अफगान सुरक्षा बलबाट कब्जा गरेको नाइटभिजन चश्माद्वारा अवलोकन गरिरहेको युरोन्यूजले बताएको छ। विमानस्थल प्रवेश गर्ने सबै नाका तालिबानले नियन्त्रणमा लिई प्रवेशमा निकै कडाइ गरेको विमानस्थलमा कार्यरत एक अफगानी अधिकारीले नाम गोप्य राख्ने शर्तमा बताए।

विमानस्थलमा गरिएको आक्रमणमा १७० जनाभन्दा बढीको ज्यान गुमेको बदलामा गत सप्ताहान्तमा अमेरिकी हवाई आक्रमणमा कन्धाहारमा इस्लामिक स्टेट (आइएस)लाई लक्षित गरी गरेको आक्रमणमा सो समूहका सदस्यहरूको मृत्यु भएको थियो। रासस


**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे


**आजको राशिफल**

| राशि | फल | राशि | फल |
| --- | --- | --- | --- |
| मेष | धनखति | वृष | सुयश |
| मिथुन | अलमल | कर्कट | धनलाभ |
| सिंह | सफलता | कन्या | अस्वथस्ता |
| तुला | रोगभय | वृश्चिक | व्यापारवृद्धि |
| धनु | अलमल | मकर | कार्यनाश |
| कुम्भ | भयचिन्ता | मीन | मित्रमिलन |


ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## सुक्खा बन्दरगाहसम्म प्रिस्टिनले आफ्नै रेल चलाउने

राधेश्याम पटेल, परवानीपुर, १३ भदौ/

वीरगंजस्थित श्रीसिया सुक्खा बन्दरगाह सञ्चालन गर्न पाँच वर्षको ठेक्का पाएको प्रिस्टिन भ्याली प्रालिले चाँडै आफ्नै रेल सञ्चालन गर्ने योजना अघि बढाएको छ।

कम्पनीले नेपाली आयातकर्ताको



तस्वीरः फाइल

मालसामान ढुवानीका लागि कोलकाता, हल्दिया र विशाखापट्टनमबाट आफ्नै रेलसेवा शुरू गर्नेगरी योजना अघि बढाएको चिफ अपरेशन अफिसर अतुल शर्माले जानकारी गराए। एक महीनाअघि नेपाल–भारत सरकारबीच भएको रेलवे सर्भिस एग्रिमेन्ट (आरएसए) अनुसार अब निजी कम्पनीहरूले पनि यो रूटमा रेलसेवा सञ्चालन गर्न सक्ने व्यवस्था भएकोले प्रिस्टिनले यो योजना अघि बढाएको हो।

उनका अनुसार कम्पनीले भारतका पाँचवटा बन्दरगाह सञ्चालन गरिरहेको अनुभव र आफ्नै रेलवे सेवाले भारतमा मालसामान ढुवानी गरिरहेकोले आगामी दिनमा खासै समस्या नआउने उनले बताए। यसअघि भारतीय रेलवेको भगिनी संस्थाको रूपमा रहेको कन्टेनर कर्पोरेशन अफ इन्डियन रेलवे (कंकर)ले मात्र नेपालको आयात–निर्यातको लागि मालसामान ढुवानी गर्ने गरेको थियो। सन् २००० देखि निर्माण शुरू भएको सुक्खा बन्दरगाह सन् २००४ देखि सञ्चालनमा आएको हो। करीब १७ वर्षदेखि अहिले पनि एकमात्र रेलवे कम्पनी कंकरले नै आफ्नो रेलबाट मालसामान ढुवानी गर्दै आएको छ। गत वर्षदेखि प्रिस्टिनले सुक्खा बन्दरगाह सञ्चालन गर्ने ठेक्कामा लिएपछि आफ्नो रेल चलाउन खोजिरहेको थियो। यससम्बन्धी भारत सरकारसँग आरएसए भएपछि कंकरको १७ वर्षको एकाधिकार हट्ने विश्वास लिइएको छ।

वीरगंजका उद्योगी प्रदीप केडिया रेल सुविधामा प्रतिस्पर्धा भएपछि आयात–निर्यात भाडामा पनि कमी आउने दाबी गर्छन्। "अहिले एकलौटी रेलसेवा प्रदायक संस्था कंकर छ, भोलि प्रिस्टिनसँगै नेपाली र भारतीय अन्य निजी कम्पनीले मालसामान ल्याउन थाल्छन्," उनले भने, "यसरी विकल्प धेरै भएपछि व्यवसायीलाई कम भाडा पर्छ।"

प्रिस्टिनका चिफ कमर्शियल अफिसर विकाश शर्माका अनुसार कम्तीमा कंकरभन्दा २० देखि २५ प्रतिशतसम्म कम भाडामा मालसामान अझै सुरक्षित किसिमले नेपाली व्यवसायीलाई ल्याएर दिन सकिन्छ।

उनका अनुसार बाइरोड टेलरमा राखेर आइसिपी मार्गबाट आउने कारहरूलाई पनि अटोमोबाइल फ्रेट कन्टेनर (कार ढुवानी गर्ने विशेष कन्टेनर) मा राखेर ल्याउने लक्ष्य छ। त्यसैगरी, पाम, सोयाबिन र सनफ्लावर कच्चा तेल पनि ट्याङ्करमा लोड गरी सडक मार्गबाट वीरगंज भित्र्याउँदै आइएकोमा रेलबाटै कसरी ल्याउन सकिन्छ, कम्पनीले योजना बनाइरहेको बताएको छ। रेलबाटै कार र तेलको ढुवानी हुन थालेपछि सडकमार्गको ट्राफिक जाम, बढी भाडाको तनाव र बाटोमा कारमा क्षति पुग्ने वा ट्याङ्करबाट तेल चोरी हुने समस्याबाट मुक्ति पाउन सकिन्छ। पछिल्लो एक वर्षमा सुक्खा बन्दरगाहमा ६२ हजार २० फिटे कन्टेनर अर्थात् ७ सय र्‍याक, २४० र्‍याक बोराबन्द सामान र १८० र्‍याक फलामको कच्चा पदार्थ यो बन्दरगाहबाट भित्रिएको छ।

अहिले एउटा र्‍याकमा दुई/चार वटा कन्टेनरमा कार आयात हुन्छ भने कम्पनीले ९० वटा कन्टनेर भएको कार ढुवानी गर्ने विशेष खालको कन्टेनरयुक्त रेलसेवा र तेल ढुवानीका लागि ९० वटा ट्याङ्कर भएको रेल चलाउने सोच बनाएको छ।

## निर्माणाधीन अवस्थामा रहेको पुल अलपत्र

सर्लाही, १३ भदौ/रासस

लालबन्दी र ईश्वरपुर जोड्ने फूलजोर खोलामा निर्मित पुल डेढ महीनाअघि बाढीले क्षति पुर्‍याएर अलपत्र परेको छ। लालबन्दी नगरपालिका–३ जब्दी र ईश्वरपुर नगरपालिका–८, रामपुर जोड्ने फूलजोर खोलाको निर्माणाधीन पुलमा क्षति पुर्‍याएको डेढ महीना बिते पनि पुल पुनर्निर्माणको काम अघि बढ्न सकेको छैन।

पुल ढलान भएको दुई सातामैं सामान्य पानी पर्दैमा क्षति पुगेको र पुनः निर्माण काममा क्षति पुगेको डेढ महीना भइसक्दा पनि पुनर्निर्माण हुन सकेको छैन। ठेकेदारले बेलैमा काम नगरेका कारण बाढीले पुलमा क्षति गरेको र पुनर्निर्माणमा ठेकेदार कम्पनी मौन देखिएको ईश्वरपुर–८ का अध्यक्ष श्यामबहादुर थापाले बताए।

गत असार १५ गते परेको सामान्य पानीका कारण २०० मिटर लामो पुलमध्ये करीब ४० मिटरमा क्षति पुगेको छ।

सम्झौता अनुसार पुल गत असार मसान्तमैं निर्माण सकेर हस्तान्तरण गर्नुपर्ने भएपनि ठेकेदार कम्पनीले निर्माण सुस्त गरेका कारण पुल समयमैं सम्पन्न हुन नसकेको लालबन्दी–३ का अध्यक्ष रामनारायण चौधरीले बताए।

पुल निर्माणको काम पूरा नहुँदा लालबन्दी र ईश्वरपुरसहित अन्य छिमेकी स्थानीय निकायबाट हाटबजार गर्न र किनमेल गर्न लालबन्दी आउने स्थानीयवासीलाई समस्या परेको छ।

ठेकेदार कम्पनीले लापरवाहीपूर्वक काम गरेको र समयमैं कामदारको भुक्तानी नगरेका कारण पुल निर्माणमा ढिलाइ भएको ईश्वरपुर नपाका प्रमुख मनोजकुमार देवकोटाले जानकारी गराए। पुल निर्माणका लागि पप्पु शिवशङ्कर जेभीले रु १२ करोडमा ठेक्का लिएको हो।

## हेटौंडा–काठमाडौं सडक पुनः अवरुद्ध

वाग्मती, १३ भदौ/रासस

निरन्तर वर्षाका कारण मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाको



तस्वीरः फाइल

थिङडाँडामा पहिरो जाँदा हेटौंडा–काठमाडौं जोड्ने छोटो दूरीको सडक अहिले पुनः अवरुद्ध भएको छ।

इन्द्रसरोवर–३ थिङडाँडामा पहिरो जाँदा अहिले उक्त सडक अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय, मकवानपुरका प्रहरी प्रवक्ता जयेश्वर रिमालले जानकारी दिए।

अहिले पनि पहिरो हटाउने क्रम जारी छ।

प्रहरीका अनुसार लेदो माटोसहितको ठूलो पहिरो खसेको र वर्षा भइरहेको हुँदा पहिरो पन्छाउन समस्या भएको हो। यसअघि शुक्रवार र शनिवार पनि भीमफेदी गाउँपालिका–६ देउरालीनजीकै पहिरो जाँदा सडक अवरुद्ध भएको थियो। शनिवार साँझदेखि उक्त सडक सञ्चालन भएको थियो।

### त्रिभुवन राजपथ अवरुद्ध

धादिङ/

सडकमाथिबाट आएको पहिरोका कारण त्रिभुवन राजपथको नागढुङ्गा–नौबीसे सडकखण्ड आज अवरुद्ध भएको छ। नागढुङ्गानजीकै चिसापानी धारा आसपास क्षेत्रमा पहिरो जाँदा राजमार्ग अवरुद्ध रहेको इलाका प्रहरी कार्यालय, खानीखोलाका प्रमुख प्रहरी निरीक्षक रूपा थापाले जानकारी दिइन्।

पानी परिरहेकाले पहिरो पन्छाउन केही समय लाग्ने प्रहरीले जनाएको छ। राजमार्ग अवरुद्ध भएका कारण सवारीसाधनको सात किलोमिटरसम्म लाइन लागेको छ। सुरुङमार्ग निर्माण भइरहेको सिस्नेखोलानजीकै पनि राजमार्ग फराकिलो पार्ने क्रममा सडकमाथिबाट पहिरो खस्दा पटकपटक राजमार्ग अवरुद्ध हुँदा यात्रुले सास्ती खेपिरहेका छन्।

# जगरनाथपुर पूर्ण खोप गापा घोषित

प्रस, सेढवा, १३ भदौ/

जगरनाथपुर गाउँपालिकालाई पूर्ण खोप गाउँपालिका घोषणा गरिएको छ। आइतवार कार्यक्रमको आयोजना गरी जिल्ला समन्वय समिति, पर्साका सभापति नेकमहम्मद मियाँले जगरनाथपुर गापालाई पूर्ण खोप गापा घोषित गरेका हुन्।




उनले जन्मेदेखि १५ महीना उमेर समूहका बालबालिकाहरूलाई १२ थरीका विभिन्न रोग प्रतिरोधात्मक खोप दिएर गापाले बालबालिकाहरूको जीवनरक्षा गरेको बताए। उनले प्रतिकूल समयमा पनि बालबालिकाहरूप्रतिको जिम्मेवारी निर्वाह गरेकोमा गापाको प्रशंसा गरे।

गापा अध्यक्ष जालीम मियाँको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख जिल्ला अधिकारी पीताम्बर घिमिरे, सशस्त्र प्रहरी उपरीक्षक राजेन्द्र खड्का, पर्सा प्रहरीका प्रवक्ता प्रनाउ ओमप्रकाश खनाललगायतले शुभकामना व्यक्त गरेका थिए।

सो क्रममा गापालाई पूर्ण खोप गापा घोषणा गर्न जन्मेदेखि १५ महीनाका बालबालिकालाई खोप लगाउने कार्यमा सक्रिय स्वास्थ्यकर्मीहरूलाई सम्मानित गरिएको थियो।

# मितेरी पुलको विवाद सहमतिमा सुल्झियो

प्रस, रक्सौल, १३ भदौ/

सशस्त्र प्रहरीले भारतीय नम्बरका अटोरिक्शा, ईरिक्शालाई मितेरी पुलसम्म आउन रोक लगाएपछि आइतवार बिहान तनाव भएको थियो।

भारत सरकारले आफ्नो सीमा खुला गरे पनि नेपाल सरकारले सीमा बन्द गरेको भन्दै मितेरी पुलमा खटेको नयाँ टीमका सशस्त्र जवानहरूले भारतीय नम्बरका हलुका सवारीसाधनहरूलाई मितेरी पुलसम्म आउन रोक लगाएका थिए।

नेपाली भूभागमा भारतीय सवारीसाधनको आवागमनमा रोक लगाउँदा रिक्शा, अटोरिक्शा, ईरिक्शा चालकले विरोध गरेका थिए। उनीहरूले नेपाली सीमा बन्द भएको लामो समय भएपनि भारतीय हलुका सवारीहरूलाई मितेरी पुलको अन्त्यसम्म आउन नदिएको भन्दै रोकिनुको कारण माग गरेका थिए।

सो क्रममा उनीहरूले नेपालबाट भारतको रक्सौल ढालासम्म जाने नेपाली नम्बरका सवारीसाधनहरूलाई पनि रोक लगाए।



यो क्रम आज ६ घण्टा लम्बिएको थियो। दिउँसो तीन बजे दुवैतर्फका सुरक्षा अधिकारीबीच सहमति भएर पूर्ववत्‌रूपमा दुवैतर्फका सवारीसाधनहरूलाई सञ्चालन गर्न दिने भनी सहमति भएपछि अहिले यहाँको अवस्था सामान्य भएको छ।

# प्रदूषणले झरोखर पोखरीका माछा मर्दै

प्रस, सिम्रौनगढ, १३ भदौ/

सिम्रौनगढ नपा-९ बसवरियास्थित ५२ बिघामा रहेको देवताल झरोखर पोखरीमा माछाहरू मर्न थालेका छन्।

५२ बिघामध्ये २२ बिघामा पानीको स्रोत रहेको र सोमा ठेकेदारले माछापालन गरेकामा एक सातादेखि माछा मर्न शुरू भएको ठेकेदार विद्यालाल प्रसादले बताए। उनले प्रतिदिन २० क्विन्टलको हाराहारीमा माछा मरिरहेकामा केही स्थानीयले लाने तथा केही त्यत्तिकै सडेर दुर्गन्धित भइरहेको बताएका छन्।

पाँच वर्षको लागि यो पोखरीको ठेक्का रु ४ करोडमा लागेको छ। माछा आफैं मर्न थालेपछि ठेकेदार चिन्तित बनेका छन्।

माछा विशेषज्ञ डा कमलेश सिंहले माटो र पानीमा प्रदूषणको मात्रा बढेपछि माछा मर्न थालेको बताएका छन्। उनले पोखरीको पानी फालेपछि मात्र समस्याको समाधान हुने सुझाव दिएका छन्।







# खोलाले बगाउँदा महिलाको ज्यान गयो

प्रस, निजगढ, १३ भदौ/

चुरे भएर बग्ने धन्सार खोलाले बगाउँदा करीब ४२ वर्षीया महिलाको ज्यान गएको छ। मृत्यु हुनेमा मकवानपुर फापरबारीस्थित वाग्मती गाउँपालिका-८ शान्तिपुर टोलकी कमला परियार रहेको इलाका प्रहरी कार्यालय निजगढले जनाएको छ। हाल जीतपुरसिमरा उपमहानगरपालिका-६ सुकुमबासी टोलमा बस्दै आइरहेकी परियार मकवानपुर फापरबारीस्थित वाग्मती गाउँपालिका शान्तिपुरमा रहेका पति सीताराम विकलाई भेट्न जाने क्रममा धन्सार खोलाले बगाएको निजगढ प्रहरीको भनाइ छ।

शवको शल्यपरीक्षणपछि आफन्तले बुझेर दाहसंस्कारका लागि ल्याउन लागेको बुझिएको छ। बगाएर ल्याएको शव निजगढ नपा-१ स्थित खोला किनारमा भेटिएको प्रहरीले जानकारी दिएको छ।

# साढे १० लाखसहित दुईजना पक्राउ

प्रस, वीरगंज, १३ भदौ/

स्रोत नखुलेको रु १० लाख ६३ हजारसहित एकजना भारतीय र एकजना नेपाली नागरिक गरी दुईजनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

इलाका प्रहरी कार्यालय जानकी टोलाको टोलीले जगरनाथपुर गापा वडा नं २ बाट मोटरसाइकलमा गइरहेका व्यक्तिलाई चेकजाँच गर्दा मोटरसाइकलको सिटमुनि लुकाएको अवस्थामा १० लाख ६३ हजार ६२० रुपैयाँ बरामद भएको बताए। प्रहरीले ती व्यक्तिहरूबाट भारु १ हजार ६०० पनि बरामद गरेको छ।

जिल्ला प्रहरी कार्यालय पर्साले मोटरसाइकलको नम्बर प्लेट नभएको र इप्रकाअगाडिबाट सो मोटरसाइकल जाने क्रममा शनिवार साँझ रोकेर खानतलाशी गर्दा रकम बरामद भएको र सो रकमको स्रोत खुलाउन नसकेपछि जिप्रकामा ल्याइएको बताइएको छ।



तस्वीर सौजन्यः जिप्रका, पर्सा

पक्राउ पर्नेमा भारत बिहार इनर्वाका ४५ वर्षीय बृजकिशोर गिरी र धोबिनी गापा-२ गुलरियाका ५० वर्षीय रामपुकार पटेल रहेको र उनीहरूविरुद्ध बैंक तथा वित्तीय ऐन कसूरमा मुद्दा अगाडि बढाइएको जिप्रका पर्साले जनाएको छ।

# मितेरी पुलनजीकको सीमास्तम्भ उखेलियो

प्रस, वीरगंज, १३ भदौ/

नेपाल-भारत अन्तर्गत वीरगंज-रक्सौल मितेरी पुलनजीकको सीमास्तम्भ तोडफोड गरिएको छ।



अज्ञात व्यक्तिले ३९०/२७ नम्बरको पिलर उखेल्ने प्रयास गरेका हुन्।

मितेरी पुलदेखि पूर्वदक्षिणतर्फ रहेको सीमास्तम्भ हटाउने प्रयास भएको दुवैतर्फका सुरक्षाकर्मीहरूले बताएका छन्। सूचना पाएपछि सशस्त्र प्रहरी र भारतीय एसएसबी घटनास्थलमा पुगेका थिए।

दुवैतर्फका नागरिकहरू यो सीमास्तम्भ नजीकबाट भन्सार छलीका सामान ओसारपोसार गर्छन्।

तर सीमास्तम्भ कसले भत्काउन खोजेको भन्ने विषयमा दुवैतर्फका सुरक्षाकर्मीहरूले कुनै प्रतिक्रिया दिएनन्।

### अविरल......

भएको छ। खोला-पोखरीबाट माछा, गङ्गटो, घोडी मारेर जीविकोपार्जन गर्दै आएका उनीहरूलाई लगातारको वर्षापछि खोलामा बाढी आएको कारण समस्या भएको हो।

वर्षाले पशुपालक किसानहरूलाई पनि चिन्तित बनाएको छ। गाई, भैंसी, बाख्रालाई घाँस, स्याउलाको जोहो गर्न उनीहरूलाई समस्या भएको छ। वर्षाले पशुलाई घरमैं थोरै दाना खुवाएर राखिएको एकजना पशुपालकले बताए।

ओरिया खोलाको तटबन्ध बाढीले भत्काएपछि दसौता र खमिया-इनर्वा डुबानमा परेको छ। बाढीले यहाँका सयौं परिवारलाई विस्थापित बनाएको छ। तटबन्ध मरम्मत गर्नेतर्फ पहल भएको छैन।

### नारायणी अस्पतालमा......

स्थानीय, प्रदेश र केन्द्र सरकार यस अस्पतालको सेवा-सुविधा प्रभावकारी बनाउन तत्पर भएका छन्। जसको कारण नारायणी अस्पतालमा करीब ५ करोड रुपैयाँको लागतमा तीनवटा छुट्टाछुट्टै अक्सिजन प्लान्ट स्थापना भइरहेको छ। प्लान्ट जडानको काम करीब अन्तिम चरणमा रहेको र जडानको काम पूरा भएपछि अक्सिजन पाइपलाइनमा छिटै जोड्ने लक्ष्य रहेको नारायणी अस्पतालका चिकित्सक डा उदयनारायण सिंहले बताए। उनका अनुसार पर्सा क्षेत्र नं २ का सङ्घीय सांसद विमलकुमार श्रीवास्तवको संसदीय विकास कोषबाट करीब डेढ करोडको बजेटमा एउटा परम्परागत अक्सिजन प्लान्ट जडान भइरहेको छ भने अर्को स्वास्थ्य सेवा विभागले लिक्विड अक्सिजन प्लान्ट बसालिरहेको छ। यसको लागत करीब डेढ करोड पर्छ। त्यसैगरी, नारायणी अस्पतालले आफ्नो करीब दुई करोड १० लाखको खर्चमा कोभिड डेडिकेटेट दुई सय शय्या क्षमताको एचयुडी वार्डको लागि छुटै अक्सिजन प्लान्ट जडान गराइरहेको छ।

वीरगंज महानगरपालिकाले अक्सिजन प्लान्टदेखि पाइपलाइनसम्म जोड्ने उपकरण र प्रविधि खरीदमा सहयोग गर्ने बताएको छ। यस काममा महानगरको करीब ५० लाख रुपैयाँभन्दा बढी खर्च हुने अनुमान छ।

**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |

### औद्योगिक.....

बताए।

पहिलो कोरोनाकालमा सीमा बन्द हुँदा यहाँका उद्योगले राम्रो बजार पाएको भएपनि सीमा खुकुलो भएपछि भारतबाट कपडा तस्करी हुँदा स्वदेशी कपडाको खपत कम भएको गाडियाले बताए।

वीरगंज होटल तथा पर्यटन व्यवसायी सङ्घका अध्यक्ष हरि पन्तले वीरगंज, कलैया, पथलैया, अमगेखगंज र निजगढ क्षेत्रका होटल व्यवसाय पहिलेको लयमा फर्किन नसकेको बताए। नेपाली होटल तथा पर्यटन व्यवसाय भारतीय पर्यटकमाथि निर्भर रहेकोले घरभाडा, कर्मचारी तलब, बिजुली/सञ्चालन खर्चसमेत निकाल्न मुस्किल भइरहेको बताए।

नेपाल उद्योग वाणिज्य महासङ्घ प्रदेश २ का अध्यक्ष गणेश लाठले प्रदेश २ मा करीब चार हजार उद्योग रहेको र त्यसमध्ये ८० प्रतिशत बारा/पर्सा क्षेत्रमैं रहेको बताए। उनले उत्पादनमुखीभन्दा सेवामुखी उद्योगको लगानी जोखिममा परेको बताए। होटल व्यवसाय त्यसको उदाहरण रहेको उनले बताए।

**खाद्यान्न र औषधि उद्योग मालामाल**

कोरोनाकालमा वीरगंज कोरिडोरका खाद्यान्न तथा औषधि उद्योग भने प्रभावित भएनन्। तेल, दाल, चामल, पीठो, बिस्कुट, ग्याँस, अक्सिजन उद्योगको व्यवसाय यस अवधिमा प्रभावित भएन र उनीहरूले पहिलेभन्दा बढी आम्दानी गरेका छन्।

वीरगंज नाकाबाट चालू आवको साउनमा साढे ६ अर्ब रुपैयाँको प्रशोधित तेल निकासी भएको वीरगंज भन्सारको तथ्याङ्कले देखाउँछ। जुन अघिल्लो आव २०७७/७८ भन्दा २८७ प्रतिशतले वृद्धि भएको देखिन्छ।

चालू आवको साउनमा ५ अर्ब ७८ करोड २५ लाख ११ हजार मूल्यबराबरको २ करोड ५२ लाख ९ हजार ६ सय ४४ किलो सोयाबिन तेल भारतको बिहार, उत्तर प्रदेश, मध्यप्रदेश, दिल्लीलगायतका ठाउँमा निकासी भएको छ। जबकि गत आवको सोही अवधिमा १ अर्ब ४९ करोड ३९ लाख ९२ हजार मूल्यबराबरको १ करोड ८ लाख ७६ हजार १७३ किलो सोयाबिन तेल निकासी भएको थियो।

त्यसैगरी, चालू आवमा ६५ करोड ४४ लाख मूल्यबराबरको ३३ लाख ८ हजार ८८१ किलो सूर्यमुखीको प्रशोधित तेल निकासी भएको छ। गत आवको साउनमा जम्मा ५० लाख ९७ हजारको ३५ हजार ७९० किलो मात्र उक्त तेल भारत निकासी भएको थियो।

सूर्यमुखी तेलको निकासी गत आवको तुलनामा ठूलो परिमाणले वृद्धि भएको छ। अगस्तदेखि डिसेम्बरसम्म भारत सरकारले प्रशोधित पाम तेलको निकासी खोलेपछि यस क्षेत्रका १४ वटा उद्योग विदेशबाट पाम तेलको कच्चा तेल आयात गरी निकासी गरेका थिए।

निम्बसको प्रोबायोटेक इन्डस्ट्रिज प्रालिले प्रशोधित तेल भारत निकासी गर्दैन। उसले स्वदेशी बजारमैं आफ्नो तेल खपाउने गरेको छ। पशुपक्षीको आहारा दाना, मस्यौरा, पीठो पनि उत्पादन गर्दै आएको छ।

रूँगटा समूहको ओम चावो बिरो, ओसिबी फूड्स एन्ड फिड्सले चामल, दाल, तेललगायतको उत्पादन गर्छ। चाचान समूहको नारायणी पल्सेस प्रालिले दाल उत्पादन गर्छ भने नारायणी आयल रिफाइनरीले तेल उत्पादन गर्छ। त्यसैगरी, सुशील वनस्पति उद्योग, त्रिवेणी समूहको महालक्ष्मी सोल्भेन्ट, अन्नपूर्ण भेजिटेबल्स एन्ड सोप प्रालि, त्रिवेणी दाल एन्ड आयल, गणपति, नन्दन, शिवशक्ति, मुक्ति आयललगायतले तेल, खाद्यान्न उत्पादन गर्छन्।

कोरोनाकालमा भने औषधि उद्योगले राम्रो आम्दानी गरेको छ। सेनिटाइजर उत्पादनलाई प्राथमिकतामा राखेर औषधि उद्योगले मनग्य आम्दानी गरेको वीउवासङ्घका उपाध्यक्ष माधव राजपालले बताए। नेशनल हेल्थकेयरले कोरोनामा रेमडेसिभिर इन्जेक्शन उत्पादन थालेको छ भने अन्यले अनुसन्धान गरिरहेका छन्। वीरगंज करिडोरमा नेपाल, क्वेस्ट, एपेक्स, जिडी फर्मास्युटिकल्स, हिमालय प्यारेन्ट्रिल, म्याग्नस, प्राइमो, सुप्रिम, आर्यालगायत औषधि उद्योगहरू सञ्चालनमा छन्।

बहुराष्ट्रिय उद्योग सूर्य नेपाल, डाबर नेपाल, ब्रिटानिया नेपाल, कन्साई नेरोलेक पेन्ट उत्पादन गर्ने केएनपी, मदिरा उद्योग हिमालय डिस्टिलरी प्रालि पनि पूर्णरूपमा सञ्चालनमा छन्।

औद्योगिक कोरिडोरमा रहेका उद्योगका सञ्चालकहरूले सरकारसँग कोरोना खोप माग गरेका छन्। सबै मजदूरले खोप पाएपछि उद्योगको उत्पादन पनि बढ्ने उनीहरूको भनाइ छ।

